राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

जनहितमा जारी सन्देश
- वर्षाका बेला टाढाको यात्रा गर्दा बाटोसम्बन्धी जानकारी लिएर मात्र हिंडौं,
- यात्राका लागि उपयुक्त सवारी साधन छनोट गरौं,
- खाना, नाश्ताको सकभर इन्तजाम गरेरै टाढाको यात्रामा निस्कौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 05 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३४

## पुरस्कृत व्यक्ति चन्द्रकिशोरलाई वीरगंजमा सम्मान


तस्वीर: प्रतीक

प्रस, वीरगंज, २१ साउन/

कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा पुरस्कारबाट सम्मानित पत्रकार चन्द्रकिशोर झालाई आइतवार वीरगंज पब्लिक कलेजले सम्मान गरेको छ । कार्यक्रममा प्रमुख अतिथि प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले चन्द्रकिशोर कर्मले अगाडि बढेको बताए । मानिसले हाम्रो समाजमा विभिन्न किसिमका कर्म गरेर अगाडि बढेका हुन्छन् तर चन्द्रकिशोरले समाजको उत्तरदायित्व बोकी आफ्नो कर्तव्यलाई आत्मसात् गरी अगाडि बढेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नाम कमाएको बताए ।

उनले समाजलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा चन्द्रकिशोरले कलम चलाइरहेको बताए । उनले आफ्नो लेखनशैलीबाट समाज परिवर्तनमा प्रयास गरिरहे पनि त्यो लेखरचना सर्वसाधारणको पहुँचमा भएर पनि व्यवहारमा उतार्न नसकिएको बताए ।

कार्यक्रममा विशिष्ट अतिथि जनकपुर उच्च अदालतको अस्थायी इजलास वीरगंजका मुख्य न्यायाधीश डा रतनबहादुर बागचनले व्यक्तिगतरूपमा चन्द्रकिशोरसँग सम्बन्ध नभए पनि उनका लेखरचनाले पत्रकारिताको माध्यमबाट तराई–मधेसलाई देशसँग जोड्ने काम गरेको बताए ।

मुख्य न्यायाधीश बागचनले पत्रकारिताको संवेदनशीलता बुझ्ने व्यक्ति मात्र यस पेशामा अगाडि बढ्न सक्ने बताउँदै अहिले पत्रकारिता क्षेत्रमा फरक ढङ्गका व्यक्तिहरूको एक्कासि प्रवेश बढेपछि पत्रकारिता बदनाम हुँदै गएको बताए । पीत पत्रकारिताका कारण पत्रकारमाथि प्रश्नचिह्न खडा भइरहेको अवस्थामा चन्द्रकिशोरको विचारलाई अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा चन्द्रकिशोरले काठमाडौंबाहिरको पत्रकारिता वीरगंजले सिकाएको बताए । उनले वीरगंजले आफूलाई जुध्न र बाँच्न सिकाउँदै कर्मभूमिको रूपमा आफूले स्वीकार्दै अगाडि बढेको बताए । वीरगंज आफैंमा सम्मानित शहर हो, यसभित्र घात, प्रतिघात हुने गर्छ । यसबीच हामीजस्ता कामगरी खाने व्यक्तिहरू सीमित मात्रामा अगाडि बढेको उनको भनाइ थियो ।

वीरगंज पब्लिक कलेजका अध्यक्ष प्राडा दीपक शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, केन्द्रीय सदस्य सुबोध गुप्ता, प्राडा सुषमा तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन कलेजका संयोजक अरविन्द श्रेष्ठ र स्वागत डा वासु कर्णले गरेका थिए ।

## जीतपुरको गिरी परिवारमा सम्पत्ति विवाद सतहमा

प्रस, परवानीपुर, २० साउन/

बारा जिल्ला, जीतपुरको विकासमा अहम् योगदान दिएका स्व फकिरा गिरीको परिवारमा चलिरहेको सम्पत्ति विवाद सतहमा आएको छ ।

फकिरा गिरीकी बुहारी मानती गिरीले आफूले अंश नपाएको भन्दै अंश दिलाइदिन आग्रह गरेकी छन् । प्रतीकसँग कुराकानी गर्दै उनले विगत लामो समयदेखि अड्डा अदालतको चक्कर लगाउँदा लगाउँदै मुद्दा पनि हारिसकेको तर एक धुर जग्गा अंशबापत नपाएको बताइन् । फकिरा गिरीकी जेठी पत्नी लाखो देवीको कोखबाट जन्मिएका माइला छोरा विनोद गिरीकी पत्नी मानती गिरीले २०४७ भदौ २ गते विनोद गिरीसँग विवाह गरेकी थिइन् ।

जीतपुरसिमरा–२ सिमरामा माइती भएकी ५० वर्षीया मानतीले लगभग ३० वर्षदेखि मानाचामल अंश मुद्दालगायतमा अड्डा अदालत धाउँदाधाउँदै दुःख पाएको तर व्यवहारमा एक धुर पनि जग्गा अंश नपाएको उनले दाबी गरिन् । अहिले उनी पति विनोद गिरी र एकजना छोरीसहित जीतपुरसिमरा–७ मा डेरा गरी बस्दै आएकी छन् ।

फकिरा गिरीका आठजना छोरा छन् । जसमध्ये जेठी पत्नीबाट तीनजना र कान्छी पत्नी शान्ति देवीबाट पाँचजना छोरा छन् । आठजनामध्ये विनोद र मानती एक्लै बसिरहेका छन् भने अन्य सातजना अंशबन्डा गरेर छुट्टाछुट्टै बसिरहेका छन् । अन्य दाजुभाइमा राजेश्वर, राजेन्द्र, वीरेन्द्र, नागेन्द्र, दीपेन्द्र, दिलीप र राजुराज गिरी छन् ।

मानतीले सुरुआती चरणमा बारा जिल्ला अदालत र मकवानपुर जिल्ला अदालतमा विभिन्न मुद्दामा षडचन्त्र गरेर विपक्षीहरूले कागजीरूपमा बलियो भई अंश मुद्दामा आफूलाई झुक्याएको आरोप लगाएकी छन् । उनले ३८ कट्ठा जग्गा अंश निस्किनुपर्ने दाबी गरेकी छन् ।


विनोद गिरी र मानती गिरी । तस्वीर: प्रतीक

फकिरा गिरीको २२ बिघा जग्गा र १४ कट्ठा घडेरीमध्ये डेढ कट्ठा घडेरी र तीन बिघा खेत अंश पाउनुपर्ने उनको दाबी छ । त्यति नदिए पनि कागजीरूपमा ३८ कट्ठा विनोद गिरीलाई दिने भनेर गरिएको कागजी तथ्यको आधारको जग्गा पनि अहिलेसम्म नदिएको र सो मात्र दिए पनि चित्त बुझाउने उनले बताइन् ।

उनले बारा जिल्ला अदालतमा मानाचामलको मुद्दा दिंदा विपक्षीले मकवानपुर जिल्ला अदालतमा हेटौंडा हाँडीखोलाका रामकृष्ण तिमल्सिनाको नक्कली मानती शर्मा पत्नी बनाएर आफू अर्कैको पत्नी भनेर नजीर खडा गरेको र सोही नजीर पटकपटक अदालतमा पेश गरेको हुँदा आफू र पति अंशबाट वञ्चित भएको बताइन् ।

जनकपुर उच्च अदालतको अस्थायी इजलास वीरगंजमा चलिरहेको अंश विवाद मुद्दा गत २०८० माघ १० गते फैसला भएको थियो । सो फैसला पनि विपक्षीको नाममा भएकोले आफू झन् पीडामा परेको बताउँदै चाँडै जीतपुरमा अनशन शुरू गर्ने चेतावनीसमेत मानतीले दिएकी छन् ।

कानूनी हिसाबमा न्यायालयबाट न्याय नपाउँदा व्यावहारिक हिसाबले जीतपुरका समाजसेवीले यस विषयमा अग्रसरता देखाउनुपर्ने उनले बताइन् ।

यता, उनका देवर राजुराज गिरीले भने भाउजू मानती र उनको परिवारसँग आफूहरूको कुनै लेनदेन बाँकी नरहेको बताए । उनले यदि लिनुदिनुपर्ने थियो भने अदालतले फैसला गर्थ्यो, मुद्दा हामीले हार्थ्यौं र उनीहरूलाई अंश दिनुपर्थ्यो तर कानूनी हिसाबले हामीहरूमध्येबाट उनलाई केही दिनुपर्ने फरफारक नरहेकाले आफूले यस विषयमा केही नबोल्ने बताए ।

दाइ विनोदले कागजी हिसाबले अंशको जग्गा लिएर बिक्री गरेर उडाएको भाइ राजुराजको भनाइ छ ।

## धार्मिक ऐतिहासिक स्थलको भ्रमण गर्नेको सङ्ख्यामा वृद्धि

ओमप्रकाश चौधरी, सेढवा, २० साउन/

पर्साको ग्रामीण क्षेत्रका बासिन्दाहरू साउन महीनामा विभिन्न धार्मिक एवं पर्यटकीय स्थलमा भ्रमण गर्न जाने क्रम बढेको छ ।



अधिकांश किसानले वर्षेबाली धान रोपाइँ सकाएका कारण उनीहरू खेतीपातीपछि नेपाल र भारतका धार्मिक तथा पर्यटकीय स्थलका भ्रमणमा निस्किने गरेका छन् । किसानहरू खेतीपातीको झन्झटबाट मुक्त भएपछि साउनमा विभिन्न स्थानका शिवमन्दिर तथा शक्तिपीठहरूको दर्शन गर्न धार्मिक यात्रामा निस्किएका छन् । यसका साथै अधिकांश पालिकाका सामुदायिक विद्यालयहरूमा पनि वर्षे बिदा भएकोले शिक्षकहरू पनि भ्रमणमा छन् । आर्थिकरूपमा सम्पन्न शिक्षक, विद्यार्थीहरू पनि राजधानी काठमाडौं, पर्यटकीय गन्तव्य पोखरा, तानसेन, बुटवल, भैरहवा, लुम्बिनी, धरान, इलाम, झापालगायतका ठाउँहरूमा भ्रमणमा गएका छन् । यसै महीनामा भारतका प्रसिद्ध देवघर, वासुकीनाथ, अयोध्या, बनारस, कोलकाता, जगरनाथपुरी, गङ्गासागर, प्रयागराज, वैष्णोदेवीलगायतका धार्मिकस्थलहरूमा जाने गर्छन् । साथै हरिद्वार, ऋषिकेश, आगरा, नैनीताल, सिमला, दिल्ली, मथुरा वृन्दावनलगायतका स्थानमा पनि पर्यटकहरू जाने गरेका छन् । यस वर्ष वैष्णोदेवीको दर्शनका लागि पनि मानिसहरू गइरहेका छन् ।

ग्रामीण क्षेत्रका मानिसहरू आर्थिक अवस्था अनुसार धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको वार्षिकरूपमा अवलोकन भ्रमण गर्दै आएका छन् । वर्षभरिको तनाव भ्रमणबाट मेटिने अभिप्रायले सामर्थ्य अनुसारको यात्रा गर्ने क्रम पहिलेदेखि नै हुँदै आएको छ । यही साउन महीनामा जीराभवानी गापा अन्तर्गतको बाबा बटेश्वरनाथ काँवरिया सङ्घको आयोजनामा सयौंको सङ्ख्यामा काँवरियाहरूको त्रिवेणी जल भर्न जाने कार्यक्रम रहेको छ ।

यसका साथै पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत दुग्धेश्वर महादेव मन्दिर, रामभौरीभाथा र ठोरीको भ्रमण गर्ने पनि बढेका छन् । हुलाकी सडक निर्माण भएकोले पछिल्लो समय ठोरीको भ्रमण गर्नेहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । तर शिवभक्तहरू साउन महीनामा बिहारको सुल्तानगंजमा जल भरेर झारखण्डमा रहेको भगवान् शिवको मन्दिर देवघरमा जल चढाउँछन् । चितवनको सिमलतालमा भएको अप्रिय दुर्घटनाका कारण नेपालको पहाडी क्षेत्रमा भ्रमणको लागि जानेको सङ्ख्या एकदमै न्यून रहेको छ ।

जीराभवानी गाउँपालिका–२ का नन्दकिशोर साहले करीब ४० जना धार्मिक यात्रीलाई लिएर भारतका विभिन्न स्थानको भ्रमणका लागि प्रस्थान गरेको बताए । उनले बिहार, उत्तर प्रदेश, उतराखण्ड, दिल्ली, पञ्जाब राज्यका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराउने बताए । भ्रमणका लागि भारतीय नम्बरको गाडी लिई यात्रीहरूलाई भारत लैजाने गरेको साहले बताए ।

भ्रमणका क्रममा गोरखपुर, अयोध्या, कानपुर, गाजियाबाद, आगरा, लखनउ, हरिद्वार, ऋषिकेशलगायतका स्थानहरूको भ्रमण गर्ने योजना रहेको बताए । यसका साथै भारतको दार्जिलिङ, सिक्किम र

## बाराबाट एक वर्षमा २७ हजार बढीले नागरिकता लिए

नितेश कर्ण, वीरगंज, २० साउन/

बारा जिल्लामा आव २०८०/८१ मा २७ हजार ९५९ जनाले नयाँ नेपाली नागरिकता लिएका छन् ।

जिल्ला प्रशासन कार्यालय, कलैया, इलाका प्रशासन कार्यालय, सिमरा, सिम्रौनगढ र कोल्हवीबाट नागरिकता वितरण हुने गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, कलैयाबाट एक हजार २५४ र इलाका प्रशासन कार्यालय, सिम्रौनगढबाट १५८ जनाले वैवाहिक अङ्गीकृत नागरिकता लिएका छन् । त्यस्तै, सोही आवमा १९ जनाले अङ्गीकृत र सातजनाले जन्मसिद्ध नागरिकता प्राप्त गरेका छन् । वितरण भएकामध्ये १० हजार २०४ जना महिला र १० हजार ८३० जना पुरुषले नागरिकता प्रमाणपत्र लिएको सो कार्यालयले जनाएको छ ।

त्यसैगरी, जिल्ला प्रशासन कार्यालय, कलैयाबाट १२ हजार ५१५ जनाले नागरिकताको प्रतिलिपि लिएका छन् भने इलाका प्रशासन कार्यालय, सिमराबाट पाँच हजार ८३२ जनाले प्रतिलिपि लिएका छन् ।

यसैगरी, नागरिकताको प्रतिलिपि चार हजार ७६५ जना महिला र सात हजार ७५० जना पुरुषले लिएका छन् ।

त्यस्तै, इलाका प्रशासन कार्यालय, सिम्रौनगढबाट एक हजार १८ जनाले र इलाका प्रशासन कार्यालय, कोल्हवीबाट ९२२ जनाले नागरिकताको प्रतिलिपि



तस्वीरः फाइल

लिएका छन् ।

जिल्ला प्रशासन कार्यालय, कलैयामा ६६ वटा नयाँ संस्था दर्ता भएका र ३६५ वटाको नवीकरण भएको छ । पत्रपत्रिका १० वटा दर्ता छन् । ठाडो उजूरी एक हजार ९८३ वटा परेका छन् भने समावेशी प्रमाणित नौ हजार ५४५, चालचलन प्रमाणित १०४ जना र हातहतियार नवीकरण ८३ र नामसारी दुईजनाको भएको छ ।

२७९ जनाको नाबालक परिचयपत्र, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरणको स्वीकृति १२ जनाले लिएका छन् । १० हजार ३७८ जनाको सामान्य राहदानी, ६४ जना नाबालक र ५२९ जनाको हराएको राहदानीको सिफारिश भएको छ । राहदानीबाट रु पाँच करोड ७३ लाख ४० हजार राजस्व सङ्कलन भएको छ । यसैगरी, अन्य प्रशासनिक सेवा शुल्कबाट पाँच लाख ९७ हजार ८५०, हातहतियार नवीकरण, नामसारीबाट छ लाख २५ हजार २२५, प्रशासनिक दण्ड जरिवाना र जफतबाट पाँच लाख ३५ हजार ३१९ राजस्व सङ्कलन भएका छन् ।

राष्ट्रिय परिचयपत्र बनाउन १५ हजार ८१६ जनाको फाराम दर्ता भएकामा त्यसमध्ये नौ हजार २१८ जना पुरुष र छ हजार ५९८ जना महिला रहेका छन् । पालिकाहरूबाट राष्ट्रिय परिचयपत्र बनाउन १६ हजार नौ जनाको नाम दर्ता भएका छन् । राष्ट्रिय परिचयपत्रको खर्च २८ लाख नौ हजारमध्ये २२ लाख ८१ हजार १३८ सङ्कलन भएको छ ।

## विचारसार र सूक्तिहरू

सङ्गतले परिवर्तन हुने भए, जङ्गलका सबै झारपात जडीबुटी हुने थिए ।


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# प्रश्न फेरि पशुबलिको

**पाँच–पाँच वर्षमा लाग्ने गढीमाईको मेला जबजब निकट आउँछ, त्यहाँ चढाइने बलिबारे बहस, छलफल र गोष्ठीहरू बाक्लिंदै जान्छ । हुन पनि मेलामा अत्यधिक सङ्ख्यामा जीवहत्या हुन्छ । यसले बलि पक्षधरहरू पनि पीडित हुन्छन् भने बलिविरोधीहरूको मन त छियाछिया नै हुन्छ । एकदुई मानिसको ज्यान गयो भने त्यति त्रास हुँदैन, जति कहीं नरसंहार हुँदा हुन्छ। यस दृष्टिले गढीमाईमा चढाइने बलिलाई जीव–संहारकै संज्ञा दिन सकिन्छ। त्यो पनि बिनसित्ति। बलि दिएको पशु थोरै मात्र आहारमा परिणत हुन्छन् । तिनका लाश त्यसै फालिने गरिन्छ। त्यसले गर्दा मन्दिर परिसरमा लामो समयसम्म दुर्गन्ध रहन्छ । जीवमाथि जीवको बलि चढाउँदा जुन बीभत्सता देखिन्छ, त्यसले कठोर हृदयबाहेक सबैलाई उत्तेजित बनाउँछ । त्यसैले यता केही दशकदेखि बलिप्रथाको विरोध हुँदै आएको छ। तर समस्या के छ भने मानिस धर्मभीरु हुन्छ । तर्कातीत कुरामाथि पनि परम्परा, प्रचलन र धर्मको रंग चढाइदिएपछि मानिसले स्वीकार गर्दछ। गढीमाईमा बलि कहिलेदेखि चढ्न थाल्यो, त्यो इतिहास थाहा छैन, तर दशकौं बित्यो, यो परम्परा चलेको । यद्यपि यस सन्दर्भमा धेरै मिथ्या तथ्य–कथ्य समाजमा व्याप्त छ।**

**गढीमाईमा मेलाको बेला मात्र बलि चढाइन्छ भन्ने होइन, अघिपछि पनि चढाइन्छ। तर त्यसको विरोध हुँदैन। विरोध उठ्नुको एउटै कारण अत्यधिक सङ्ख्यामा जीवहत्या हुनु हो । विभिन्न प्रकारका जीवमध्ये राँगा, बोका, परेवा, हाँस, कुखुराको बलि दिइन्छ, मेलाका बेला। बोका, परेवा, हाँस वा कुखुराको बलिबाट शायदै कसैको विरोध होला किनभने टाउकोबाहेक यिनका अवशेष त्यहाँ रहन्न। यिनको बलिले भूमि पनि बढी रक्तरञ्जित हुँदैन। तर बीभत्स हुन्छ राँगाको बलि । प्रायः शक्तिपीठहरूमा बलि दिइन्छ, तर परम्परा धान्नका लागि वा कोही कसैको भाकल छ भने मात्र। यस्तो बलिमा जनावरको उपभोग गरिन्छ । कहींकतै टाउको छाडिन्छ, त्यो पनि अधिकारवालाले लग्छ। बीभत्सता देखिंदैन। त्यसैले विरोध पनि हुँदैन। गढीमाईमा चल्ने बलि–विरोधी र समर्थकहरूको वादविवादले भोलि कुनै अप्रिय घटना नघट्ला भन्न सकिन्न। यद्यपि आजसम्म चलेको बहस तार्किक विवादसम्म सीमित छ । बलि विरोधी अभियानले बलि सङ्ख्यामा केही कमी पनि ल्याएको छ । मानिसमा चेतनाको विकाससँगै यस प्रथामा अंकुश लाग्ला नै । तर वर्तमानको आग्रह यति मात्र हो कि बहस दुवै पक्षको समझदारीसम्म सीमित रहोस् ।**

**वास्तवमा बलि भनेको त्याग हो। बलि चढाउनुको अर्थ हो आफ्नो नराम्रो बानी र मन परेको वस्तुलाई त्याग्नु । अहिंसावादीहरू बलिलाई, आफ्नो नराम्रो बानी त्याग गर्नु हो भनी अर्थ्याउँछन्। हिंसावादी त नभनौं, बलिप्रथा समर्थकहरू आफूले पालिपोसी राखेको जीवलाई भगवान्लाई अर्पित गर्नु मान्दछन्। यसो हो भने उनीहरूले भगवान्लाई अर्पित गरेको कुरा आफूले उपयोग नगर्नु हो। जस्तै अधिकांश बलि चढाइएका राँगाका शरीर त्यहीं रहन्छ वा अरू कसैले लग्छ। त्यसो भए बलि चढाएको वस्तु भगवान्लाई समर्पित रहन दिउँ । यसो गर्दा विरोधी र समर्थक दुवैको चित्त बुझ्ला। र यस कुरामा सहमत हुने हो भने बलि दिएको वस्तुलाई मार्नै किन पर्‍यो ? किनकि बलिपशु भनेको काटिने वा छाडिने दुवैथरीलाई भनिन्छ। बलिपशुलाई देवीकै अधिकारमा रहनेगरी जीवित बलि दिंदा कसो होला ? बलिको मान्यता पनि रहन्छ र विरोधीहरूको मुखमा पनि बुजो लाग्छ ।**

# शिक्षक आफैं पढ्दैनन्, विद्यार्थीलाई के पढाऊन् ?

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**स्वाध्याय परिवर्तनको लागि हुनुपर्छ । अरूको देखेर स्वयं परिवर्तित भई आफूलाई हेर्नुपर्छ । पुस्तकको अध्ययनले हामीलाई स्वमूल्याङ्कन गर्ने अन्तर्दृष्टि दिन्छ । पुस्तकको माध्यमले विगतलाई सजिलै हेर्न सक्छौं । विगतलाई हेरेर वर्तमान सुधार्न र भविष्य निर्माण गर्न सकिन्छ ।**

शिक्षक र आमाबुवा यदि विद्यार्थीहरूको शैक्षिक विकासमा रुचि राख्छन् भने उनीहरूलाई नियमित केही न केही पढ्नुपर्छ। जो पढ्दैन उसले के पढाउँछ भन्ने साधारण कुरा यदि शिक्षक र आमाबुवाले आत्मसात् गर्छन् भने उनीहरूले शिक्षा सँगसँगै समाजको पनि मुक्ति गर्न सक्छन् । यो मुक्ति कसरी हुन्छ भन्ने कुरामा चिन्तन–मनन गर्दा के स्पष्ट हुन्छ भने जसले पढ्दैन उसलाई शिक्षा के हो भन्ने कुरा नै थाहा हुँदैन । ऊ आँखा चिम्लेर विद्यार्थीहरूलाई घोकन्ते शिक्षा मात्र प्रदान गर्छ। उसले परीक्षा परिणाम र पैसा दुवै प्राप्त त गर्छ, तर शिक्षा कस्तो हुनुपर्छ भन्ने कुरा र हामी के गरिरहेका छौं थाहै हुँदैन ।

पढाइ एकै प्रकारको हुँदैन। ईश्वरको नाउँ हजारपटक बोल्ना र लेख्नाले भगवान्को प्राप्ति हुँदैन। गीता, रामायण वा कुरान–पुराण सुग्गाजस्तो रट्नाले मानिस मानिस बन्न सक्दैन । त्यस्तै सुग्गाजस्तै रटेर परीक्षा पास गर्न सकिन्छ तर राम्रो शिक्षक बन्नका लागि आफैंले पढाइमा ध्यान दिनु अति आवश्यक हुन्छ। आज आवश्यकता छ गिजुभाईजस्तै शिक्षा र सामान्य ज्ञानको जानकारी राख्नु । आज आवश्यकता छ शिक्षकहरूले कक्षा शिक्षण गर्नुपूर्व विषयगत कुराहरूको खोजी गर्नु ।

एउटा तथ्याङ्कले के देखाएको छ भने नेपाली शिक्षकहरूमा पढ्ने बानीको अभाव छ । यस कारण विद्यार्थीहरूले पनि प्राप्त ज्ञानलाई आफ्नो चरित्रमा परिवर्तन गर्न सकिरहेका छैनन् । स्वाध्ययन विद्यार्थीहरूको लागि मात्र हैन, शिक्षकहरूको लागि पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ। स्वाध्ययनको अभावले गर्दा नै आज शिक्षक र विद्यार्थीबीच खाडल बढ्दै गइरहेको छ । स्वाध्ययन भनेको कसैको सहयोगबेगर आफैंले सिक्ने प्रक्रिया हो जसबाट विद्यार्थीहरूको बुझाइ स्पष्ट पार्न सजिलो हुन्छ । यो जुनसुकै ठाउँमा जुन बेला पनि गर्न सकिन्छ । यसले शिक्षकहरूलाई बढी कल्पनाशील बनाउँछ । उनीहरूलाई आफ्नो जिम्मेवारीप्रति स्वतन्त्रतापूर्वक लाग्न सिकाउँछ ।

शिक्षकहरूले के पढ्नुपर्छ र किन पढ्नुपर्छ यो महत्त्वपूर्ण कुरा हो । शिक्षकमा यदि पढ्ने बानी छ भने यसबाट धेरै लाभ प्राप्त हुन्छ । यदि शिक्षकमा पढ्ने बानी छैन भने उसले के प्राप्त गर्छ र विद्यार्थीहरू सामु के पस्कन्छ ? आज शिक्षकसँग शब्द भण्डार हुँदैन, विषयगत ज्ञान हुँदैन । विश्वमा के भइरहेको छ भन्ने कुरा थाहा हुँदैन। समाज कुन दिशामा अगाडि बढिरहेको त्यो पनि थाहा हुँदैन । समाजको आर्थिक–सामाजिक विकास कसरी भइरहेको छ भन्ने कुरा पनि थाहा छैन । हाम्रो इतिहास के हो र आउने इतिहासको निर्माण कसरी गर्ने भन्ने कुरा थाहा हुँदैन । यस परिवेशमा शिक्षकले आफ्नो विचार राख्दैन र यस्तो कुनै पनि प्रकारको चर्चा–परिचर्चामा भाग लिन सक्दैन ।

शिक्षकको जिम्मेवारी ठूलो हुन्छ । समाज सुधार उसको प्रमुख धर्म हो । विद्यार्थीहरूको व्यक्तित्व निर्माण उसको प्रमुख दायित्व हो । यहाँनिर हामीले शिक्षकको जिम्मेवारी के हो भन्ने कुरा सोच्नुपर्छ। यदि शिक्षकहरूले यी र यस्ता कुरामा चिन्तनमनन गर्दैनन् भने उत्प्रेरक बन्न सक्दैनन्। यसलाई हामीले धर्म भनौं, उत्तरदायित्व भनौं वा जिम्मेवारी, यस्ता कुराले शिक्षकलाई अघि बढ्न प्रेरणा दिन्छ। गुरु र शिष्यबीचको सम्बन्धले के देखाउँछ भने गुरुले शिष्यको हरेक कुरामा ध्यान देओस्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एकपटक विद्यार्थीहरूसँग कुराकानी गर्दा के भनेका थिए भने पहिले विद्यार्थीहरू शिक्षकको सिको गर्थे अर्थात् शिक्षक विद्यार्थीहरूका लागि आदर्श पात्र हुन्थे। गाउँमा कुनै समस्या पर्दा गाउँलेहरू पनि शिक्षकसँग सल्लाह गर्दथे तर आज यो कुरा लोपोन्मुख अवस्थामा छ। यदि शिष्यको मनमा गुरुप्रति श्रद्धा छ भने मात्र शिष्यले गुरुको हरेक भनाइलाई स्वीकार गर्छ । शिष्यको मनमा गुरुप्रति श्रद्धा त्यस बेला मात्र उत्पन्न हुन्छ जब गुरुले आफ्नो आचरणको माध्यमले शिष्यलाई श्रद्धाको पात्र बनाउन सक्छ ।

स्वाध्यायले शिक्षकहरूलाई उत्प्रेरणा प्राप्त हुन्छ। कुनै बेला वेदशास्त्र, कुरान–पुराण पढ्नाले स्वाध्याय भइहाल्थ्यो । प्रातःवन्दना वा पाँचपटक नमाज पढेर वा पण्डित–पादरी–मौलवीको प्रवचन सुनेर सही दिशाको ज्ञान भइहाल्थ्यो । आज त्यस्तो समय छैन। समयले हामीमा परिवर्तन ल्याउँछ, यस कारण हामी पनि सोही अनुसार परिवर्तन हुनु आवश्यक छ। आज यदि हामी मात्र धार्मिक शिक्षकमाथि निर्भर रहन्छौं भने हाम्रो विकास सही किसिमले हुन सक्दैन। यस कारण शिक्षकहरूले आफ्नो अध्ययनको क्षेत्र धर्मनिरपेक्षको सीमासम्म बढाउनुपर्छ। मैले कतिपय शिक्षकसँग उनीहरूले पढाउने विषयको किताबसमेत नभएको पाएको छु। कक्षामा गएर के र कसरी पढाउने भन्ने कुरा उनीहरूलाई थाहा हुँदैन । ज्ञानको कुनै सीमा छैन । यस धारणाबाट शिक्षकहरू अज्ञ बन्न र आफ्नो रुचि विस्तार गर्नु आवश्यक छ। यस कारण पनि शिक्षकहरूलाई स्वाध्ययन आवश्यक छ ।

उखुको जूस बेच्नेले के–के तयारी गर्छ, यसको कल्पना गर्नुहोस् । एउटा पान बेच्नेले ग्राहकको सन्तुष्टिका लागि कुन–कुन कुरामा ध्यान दिन्छ भन्ने कुराको कल्पना गर्नुहोस्। कुनै पनि धन्धा गर्नेले आफ्नो पसल, मेशीन खोल्नुपूर्व ती समस्त कुरामा ध्यान पुर्‍याउँछ जुन पसल वा मेशीन सञ्चालन गर्न आवश्यक हुन्छ। यसैगरी शिक्षकहरूले यदि राम्रो शिक्षण गर्नुछ भने कुनकुन कुरामा ध्यान पुर्‍याउनुपर्छ स्वयं निर्धारण गर्नुपर्छ ? यसरी सोच्नु के नराम्रो कुरा हो ? के यस्तो गर्नु हाम्रो धर्म होइन ? शिक्षक सदैव प्रगतिशील हुन्छ । उसले उन्नति चाहन्छ। कुनै 'वाद'सँग डराउनुहुँदैन तर कुन वादले उसलाई खाल्डोमा हालिदिएको छ, त्यसबारे उनीहरूलाई अवश्य नै थाहा हुनुपर्छ। शिक्षकहरूको लागि स्वाध्यायको सर्वोपरि लक्ष्य यही हुनुपर्छ ।

स्वाध्यायको अर्थ मात्र किताब वा पत्रपत्रिका पढ्नु होइन। स्वाध्यायको अर्थ आफ्नो स्वभावको अध्ययन गर्नु पनि हो। स्वाध्यायको अर्थ आफ्नो छरछिमेक र परिवेशको अध्ययन गर्नु पनि हो । स्वयंको अवलोकन गर्नु, पर्यावरण माथि ध्यान दिनु र विश्वको गहन अध्ययन गर्नु र त्यसमा के राम्रो छ, त्यसको विश्लेषण गर्नु पनि स्वाध्ययन हो। धेरैले अध्यात्म र धर्मप्रति श्रद्धाभाव राख्छन् तर कतिलाई 'स्वधर्म' भनेको के हो भन्ने थाहा छ ? यी कुराहरूलाई कतिले बुझ्ने प्रयास गरेका छन् ? मेरा थुप्रै शिक्षक साथी छन् । उनीहरूले राम्रो डिग्री पनि हासिल गरेका छन्। उनीहरूले काम गर्ने विद्यालयमा पनि थुप्रै पत्रपत्रिकाहरू उपलब्ध छ तर कसैलाई पनि पढ्ने फुर्सद छैन । स्वाध्ययन सम्बन्धमा उनीहरूको धारणा जान्न खोज्दा 'अब पढेर के फाइदा ? विद्यार्थीहरूलाई पढाउनबाट नै फुर्सद पाइन्न। महीनामा बीस–पच्चीस हजारको कमाई भइहाल्छ' भन्ने जवाफ दिन्छन्। उनीहरूले पनि लाभ खोज्छन् र म पनि लाभ नै खोजिरहेको छु, तर दुवैको खोजीमा 'नजीकको लाभ' र 'टाढाको लाभ' को अन्तर छ ।

मेरा एकजना छिमेकी खिइने, मैलो हुने र साबुन खर्च नहोस् भन्ने डरले बाहिर जाँदा मात्र गन्जी लगाउँछन् । यदि तपाईंलाई ब्याजमा कर्जा चाहिन्छ भने उनी एक–दुई लाख होइन पाँच लाखसम्म दिन सक्छन्। एकपटक बिरामी पर्दा उनका परिवारजनले उनको धेरै सेवा गरे तर छोरा वा छोरी कसैलाई काम पर्दा एक–दुई सय रुपियाँ ब्याजमा पनि दिंदैनन् । यस्ता जति पनि उदाहरणहरू तपाईंले पाउनुहुन्छ त्यसलाई राम्ररी हेर्दा थुप्रै कुरा सिक्ने र बुझ्ने अवसर पाइन्छ । तपाईंले यस्ता थुप्रै शिक्षक देख्नुभएको होला जसलाई राम्ररी नेपाली वा अङ्ग्रेजी बोल्न आउँदैन, न देश–दुनियाबारे केही थाहा हुन्छ तर शिक्षक बनेर पढाइ राखेका छन्। तलब पनि पाउँछन्, रिटायर भएपछि पेंशनको पनि हकदार हुन्छन्। यस्ता शिक्षकहरूसँग धेरै आशा गर्नु व्यर्थ हो । आशा त त्यस्तासँग गर्नुपर्छ जो आफूमा समयानुसार परिवर्तन ल्याउन सक्छ । जसले सोच्न सक्छ र सोचेर आफ्नो जीवनमा बदलाव ल्याउन चाहन्छ, यदि तपाईं यस्तो शिक्षक बन्न चाहनुहुन्छ भने पढ्ने बानी अवश्य बसाल्नुपर्छ ।

हाम्रो स्वाध्याय परिवर्तनको लागि हुनुपर्छ। अरूलाई देखेपछि स्वयं परिवर्तित भई आफूलाई हेर्नुपर्छ । पुस्तकको अध्ययनले हामीलाई स्वमूल्याङ्कन गर्ने अन्तर्दृष्टि प्रदान गर्छ। पुस्तकको माध्यमले हामी विगतलाई सजिलै हेर्न सक्छौं । विगतलाई हेरेर वर्तमानलाई सुधार्न र भविष्यको निर्माण गर्न सकिन्छ । यो त्यति बेला मात्र सम्भव हुन्छ जब हामी अध्ययन गर्छौं। यस कारण शिक्षकहरूले स्वयं र विश्वलाई हेर्न समय निकाल्नुपर्छ। यस आलेखले तपाईंलाई जे निष्कर्ष दिन्छ त्यही नै तपाईंको जीवन दर्शन र शिक्षा दर्शन बन्छ ।

# अन्नपूर्ण पदमार्गमा मौसमलाई ख्याल नगर्दा पर्यटकले ज्यान गुमाउँछन्

मनाङ, २० साउन/रासस

जोखिमपूर्ण मानिने अन्नपूर्ण पदमार्ग विश्वकै आकर्षक गन्तव्य मानिन्छ। साथै यो पलमार्ग विश्वकै १०औं जोखिमपूर्ण पदमार्गका रूपमा रहेको छ। यहाँ विशेष सावधानी नअपनाउँदा पर्यटकले ज्यानसमेत गुमाउने गरेका छन् ।

अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) एकाइ मनाङका प्रमुख ढकबहादुर भुजेलले आर्थिक वर्ष २०८०/८१ मा मात्रै यहाँ पाँच पर्यटकले ज्यान गुमाएको जानकारी दिए। उनका अनुसार लेक लागेर (हाई अल्टिट्युट) पर्यटकले ज्यान गुमाउने गरेका छन् ।

विसं २०८० असोज १७ मा डुम्रे–बेंसीशहर–चामे सडकखण्ड अन्तर्गत मनाङको नासों गाउँपालिका–३ खोत्रोमा भीरबाट लडेर ६९ वर्षीय अमेरिकी नागरिक चार्ल्स केथ डेविस (राहदानी नं ६८१७१७४२५)ले ज्यान गुमाएका थिए। यस्तै, सोही वर्षको असोज २४ मा मनाङ–खाङ्सार–तिलिचो पैदल मार्ग अन्तर्गत मनाङ ङिस्याङ गाउँपालिका–९ टोडाँडामा लेक लागेर भारतीय नागरिक ३५ वर्षीय चेत्तीय क्यान्डी भन्ने मोहमद रिजिम (रा.नं टी ८९५१४२०)ले ज्यान गुमाएका थिए ।

गत वर्ष नार्पाभूमि गाउँपालिका–२ मेतास्थित जम्बाला गेस्ट हाउस एन्ड रेष्टुरेन्टमा सुतेकै अवस्थामा बेलायतका टेरेन्स ब्राडी (रा.नं १२१५६३०६३) मृत भेटिएका एक्यापको तथ्याङ्कमा उल्लेख छ । मनाङ ङिस्याङ गाउँपालिका–६ चुलुबेस क्याम्पनजीकै बाटोमा लेक लागेर पोर्टर धादिङको गङ्गाजमुना गाउँपालिका–५ फुलखर्कका ३५ वर्षीय हरि अधिकारी र मनाङ ङिस्याङ गाउँपालिका–९ टोगुफास्थित पहिरोको जोखिम क्षेत्र तिलिचो बेस क्याम्प जाने क्रममा दाङ घोराही उपमहानगरपालिका–९ स्थायी घर भई काठमाडौं महानगरपालिका–१० पुरानो बानेश्वर बस्ने ४९ वर्षीय दधिराम डाँगीको समेत ज्यान गएको थियो ।

भारतीय नागरिक र नेपाली पर्यटक डाँगीको रिपोर्ट आउन बाँकी रहेको एकाइ प्रमुख भुजेलले बताए। मनाङको वातावरण र मौसमको जोखिमलाई बेवास्ता गर्दा पर्यटक तथा गाइडले ज्यान गुमाउने गरेका उनको भनाइ छ । "पथप्रदर्शकविना नै जोखिमयुक्त यस पदमार्गको यात्रामा आउने, मौसम अनुकूलतालाई ध्यान नदिने गरेकाले पर्यटकले ज्यान गुमाउने गर्छन्। लेक लाग्ने क्षेत्र भएकाले एकैचोटी हाई अल्टिट्युटका कारण ज्यान गुमाउनेको सङ्ख्या बढी छ," भुजेलले भने ।

मनाङ अन्तर्गतका पर्यटकीय क्षेत्र तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ पार गर्न आउने पर्यटकले मौसमको अनभिज्ञताले पर्यटकले ज्यान गुमाउनुपरेको पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बताए । उनले भने, "आन्तरिक पर्यटकले अझ बढी मौसमको अनुकूलतालाई ध्यान नदिंदा यस्ता समस्या आउने गरेका छन्। न्यून चापीय क्षेत्रबाट उच्च स्थानमा पुग्दा हुने समस्यालाई ध्यान दिएमा स्वदेशी पर्यटकले ज्यान गुमाउने अवस्था आउँदैन।"

मौसमलाई ध्यान दिएर यहाँको वातावरणमा घुलमिल हुँदै आउँदा यस्ता समस्याबाट बच्न सकिए पनि थोरै समय लिएर यहाँ घुम्न आउँदा उच्च जोखिममा पर्ने गरेका स्थानीयको भनाइ छ ।

---

**नारायणगढ ...**

"सरकारले यसपटकको म्यादलाई अन्तिमपटक भनेकोले ठेकेदार कम्पनीले यसलाई अन्तिम अवसर ठानेर काम गर्ने छ भन्ने हामीले ठानेका छौं," इन्जिनीयर खनालले भने ।

अघिल्लो वर्ष म्याद थप हुँदा सडकको भौतिक प्रगति ४२ प्रतिशत थियो । सडकको भौतिक प्रगति अहिले पूर्वी खण्डमा ५२ प्रतिशत रहेको इन्जिनीयर खनालले जानकारी दिए । ११३ किमी सडकमध्ये ७० किमी चार लेन, २९ किमी चार लेनसहित दुवैतर्फ छ/छ मिटरको सर्भिस लेन, दाउन्नेमा १४ किमी तीन लेन, ६४ पुल, ४६२ वटा कल्भर्टलगायत संरचना निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको यो आयोजनामा हालसम्म २६ दशमलव पाँच किमी चार लेन र २२ किमी दुई लेन सडक कालोपत्र, ४२ वटा पुल र ३८० वटा कल्भर्ट निर्माण भएका छन् ।

विसं २०७९ साउन २२ मा सडक विस्तारको काम सम्पन्न गर्नेगरी २०७५ चैतमा यस सडक विस्तारको शिलान्यास गरिएको थियो। सडक विस्तारको काम समयमैं सम्पन्न नहुँदा यो सडकखण्डको यात्रा निकै कष्टकर हुने गरेको छ। घाम लाग्दा धूलो र वर्षामा हिलोले गर्दा यो सडकखण्डको यात्रा अति कष्टकर हुने गरेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सखुवाधमौरामा एउटा घरमा पटकपटक आगलागी


तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २० साउन/

रौतहट जिल्लाको वृन्दावन नगरपालिका–७ सखुवाधमौरामा एकजना व्यक्तिको घरमा तीन सातादेखि पटकपटक आगलागी भइरहेको छ।

दीपेन्द्रकुमार साहको घरमा यस्तो घटना भइरहेको छ। उनले २० भन्दा बढी दिनदेखि अचानक आगलागी भइरहेको जानकारी दिए। कुन बेला कहाँ आगो लाग्छ, यसको यकीन छैन। ढोका, दराज, ओछ्यान, पर्खाल, लत्ताकपडालगायतमा पटकपटक आगलागी हुँदा आफूहरू समस्यामा परेको बताए। उनले पूजापाठमा विश्वास गर्दै केही झाँक्री, धामीलाई समेत घरको पूजापाठ गरी बाँध्न लगाएको तर खासै उपलब्धि नभएको बताए।

यस विषयमा सरोकारवाला निकायले छानबीन गर्नुपर्ने र आफूहरूलाई शान्तिले बाँच्न पाउने वातावरण सिर्जना गर्नुपर्ने माग गरिएको छ।

के कारणले आगलागी भइरहेको भन्नेबारेमा अहिलेसम्म पत्ता लागेको छैन। रौतहट प्रहरी मातहतको इलाका प्रहरी कार्यालय, गरुडा एवं सखुवाधमौरा हेर्ने हर्षाहा प्रहरी चौकीले यो विषयमा अनुसन्धान शुरू गरेको छ। इप्रका, गरुडाका प्रहरी नायब उपरीक्षक रामेश्वर टवाटीले आफूले पनि यस घटनाबारे सुनेको तर घटना बुझ्न नसकेको जानकारी गराए।

वडा नं ७ का अध्यक्ष जगरनाथप्रसाद भेडिहरले घटना सही भएको बताए। उनले आफू पनि पीडितको घरमा गएर हेरेको र कुन बेला कसरी आगो लागिरहेको छ, थाहा नभएको बताए। अहिले सो घटनाले गर्दा स्थानीयहरू त्रसित छन्। पीडित परिवारले घरबाट फर्निचरका सामान, अन्न, लत्ताकपडा बाहिर निकालेको छ। राति परिवारका केही सदस्य जाग्राम बसेर बाँकी सदस्य सुत्ने गरेका छन्।

# नारायणगढ–बुटवल सडक निर्माण कात्तिक १५ पछि

मध्यबिन्दु (नवलपरासी), २० साउन/रासस

नारायणगढ–बुटवल सडकखण्डको वर्षाले रोकिएको निर्माण आगामी कात्तिक १५ गतेपछि मात्रै सञ्चालन हुने भएको छ। नेपालमा मनसुन शुरू भएपछि सडक विस्तारको काम रोकेको निर्माण पक्षले कात्तिक १५ गतेपछि काम शुरू गर्नेगरी कार्यतालिका सरकारी पक्षलाई उपलब्ध गराएको छ।

सडक निर्माणका लागि यही साउन १० गते पुनः एक वर्ष म्याद थप भएपनि अहिले सडक विस्तारको काम भने रोकिएको छ। नारायणगढ–बुटवल सडकखण्ड अन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोटदेखि दाउन्ने खण्डमा अहिले सामान्य सडक मर्मत कार्यबाहेक अन्य काम ठप्प रहेको छ।

बर्खाका कारण यो समयमा सडक कालोपत्र र विस्तारको काम नभए पनि पर्खाल निर्माण र मर्मतको काम भइरहेको नारायणगढ–बुटवल सडक आयोजना पूर्वी खण्डका इन्जिनीयर शिव खनालले बताए। "सडक विस्तारको काम पूर्णरूपमा बन्द छ भन्न त मिल्दैन, तर यो समयमा सडक कालोपत्रबाहेकको सामान्य पर्खाल निर्माण र खाल्डाखुल्डी मर्मतका लागि पूर्वी खण्डमा ६४ जना कामदार खटिएका छन्," उनले भने।

सडक कालोपत्र र विस्तारको काम कात्तिक १५ गतेदेखि मात्र सञ्चालन गर्नेगरी समयतालिका निर्माण कम्पनीले सरकारी पक्षलाई उपलब्ध गराएको छ। यसबीचमा मर्मत र पर्खाल निर्माण गर्नेगरी कार्यतालिका पेश गरेको भएपनि सो अनुसारको काम पनि अहिले सडकमा भएको देखिएको छैन।

चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनीयरिङ कर्पोरेशन प्रालिले सडक विस्तारको काम मनसुन शुरू भएदेखि नै रोकेको थियो। यस अघि थपिएको म्याद यही साउन ८ गते सकिएपछि सरकारले थप एक वर्षका लागि म्याद थपिदिएको हो। निर्माण कम्पनीले दुईपटक म्याद थप्दा पनि काम नसकेपछि सरकारले तेस्रोपटक म्याद थपेको हो। छोटो अवधिका लागि म्याद थप भएपनि निर्माण प्रगति हेर्दा थप म्यादमा पनि कार्य सम्पन्न हुनेमा आशङ्का गरिएको छ। इन्जिनीयर खनालले भने यो अन्तिमपटकका लागि म्याद थप भएकोले निर्माण पक्षले समयमैं काम सक्ने अपेक्षा लिएको बताए।

निर्माण कम्पनीले सरकारी पक्षलाई दिएको जानकारी अनुसार पूर्वी खण्डमा कामदार र कर्मचारीसहित १९८ जना खटिएका छन्। वर्षाले सडकमा पहिरो जाने र अवरुद्ध हुन सक्ने स्थानलाई प्राथमिकता दिएर कामदार खटाएको निर्माण कम्पनीले जनाएको छ।

(बाँकी दोस्रो पातामा)

# आधाभारबाट गाँजासहित महिला पक्राउ

प्रस, वीरगंज, २० साउन/

बारा प्रहरीले साढे आठ किलो गाँजासहित जीतपुरसिमरा उपमहानगरपालिका–१ आधाभारबाट एकजना महिलालाई पक्राउ गरेको छ।

आधाभार जङ्गलबाट पिठ्यूँमा कालो झोला बोकेर सडकछेउमा उभिरहेकी बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं ७ बस्ने २५ वर्षीया प्रियङ्का श्रेष्ठलाई प्रहरी चौकी पथलैयाका प्रहरी वरिष्ठ नायब निरीक्षक नरेशबहादुर शाहीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

उनले बोकेको झोलाबाट आठ किलो ५०० ग्राम गाँजा बरामद भएपछि पक्राउ गरी अनुसन्धान भइरहेको जिप्रका, बाराले जनाएको छ।



तस्वीरः सौजन्य


**बबई नदी र हात्तीखाल गाउँ आसपास क्षेत्रः** ड्रोन क्यामराबाट खिचिएको सुर्खेतको भेरीगङ्गा नगरपालिका–५ मा बबई नदीले घेरेको हात्तीखाल गाउँ र आसपासको क्षेत्र। यहाँ भेरी–बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनाको निर्माण सामग्री निर्माणस्थलसमेत रहेको छ। तस्बिरः सुरेश आचार्य/रासस

# टुटेश्वर नाथमा दण्डीबमले गरे जलार्पण

प्रस, महोत्तरी, २० साउन/

महोत्तरी जिल्लाको टुटेश्वरनाथ महादेव मन्दिरमा शनिवार बिहान दण्डीबमले जल चढाएका छन्। 'दोस्रो बाबाधाम' तथा 'मधेसको कैलाशधाम' को नामले प्रख्यात टुटेश्वरनाथ मन्दिरमा दण्डीबमले पूजाआराधना गर्दै जल, गाईको दूध र बेलपत्र चढाएका हुन्।

दण्डीबमले १८ किलोमिटर दूरी लम्पसार परेर पस्रादै यात्रा गरेका थिए। यात्राको पाचौं दिन उनीहरू टुटेश्वरधाम पुगेका हुन्। दण्डीबमले पाँच दिन पहिले माण्डवीगङ्गा (मड्डा), वरुणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणीबाट जल भरेर यात्रा शुरू गरेका थिए।

लम्पसार पर्दा हातले जति दूरीमा रेखा खिच्न सकिन्छ, सोही रेखाबाट पुनः लम्पसार परेर अघि बढ्नुपर्ने कठोर यात्रा डण्डीबमले तय गर्छन्। यात्राको क्रममा नित्यकर्म, विश्राम वा खानपिन गर्नुपर्दा जहाँ रेखा लगाएको हो, सोही रेखाबाट फेरि लम्पसार पर्दै पुन अगाडिको यात्रा शुरू गरिन्छ। टुटेश्वरनाथ आइपुगेका दण्डीबमले बाटोमा चार रात बिताएका थिए।

यसरी पस्रेर अर्थात् लम्पसार परेर गरिने यात्राका यात्रीलाई 'दण्डीबम' भनिन्छ।

हरेक वर्ष साउन महीनामा टुटेश्वरधाममा दण्डीबमको यात्रा हुँदै आएको छ। यसरी यात्रा गरिंदा इष्टदेवता खुशी हुने, कुल, पितृले आशीर्वाद दिने र मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। टुटेश्वरनाथमा दण्डीबम यात्रा शुरू भएको यसपटकसमेत ३४ वर्ष पूरा भएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

यो यात्राको सुरुआत गौशाला–४ का दुईजना श्रद्धालु भक्तजनले विसं २०४८ साउन १७ गते गरेका थिए। वासुदेव महतो र ठगा साह दुईजनाले शुरू गरेको यात्राप्रति आस्था राख्ने भक्तजनहरूको सङ्ख्या हरेक वर्ष बढ्दो छ।

ठगा साहले केही वर्षपछि यात्रा विराम गरे भने महतोले हरेक वर्ष साउनमा यात्रालाई निरन्तरता दिंदै आएका छन्। "यो भक्ति र समर्पणको यात्राले सबै कुरा ईश्वरमा अर्पण गर्न प्रेरित गर्छ। शरीरलाई कष्ट हुने भएपनि मनलाई आनन्द दिन्छ," यात्रामा सहभागी महतोले बताए। छलकपट, ईर्ष्या, द्वेष र लालच त्यागेर यात्रामा सहभागी हुनेले अलौकिक शक्ति तथा ईश्वरको आशीर्वाद प्राप्त गर्न सक्ने र आफूले गरेका भाकलहरू पूरा हुने महतोको भनाइ छ।


टुटेश्वरनाथ महादेव मन्दिरतर्फ जाँदै दण्डीबम। सौजन्यः दण्डी यात्रा सहयोग समिति।

यसपटक टुटेश्वरनाथ महादेवको दण्डीबममा ३० जना श्रद्धालु भक्तजनको सहभागिता थियो। दण्डीबम यात्रा व्यवस्थापनका लागि दण्डी यात्रा सहयोग समिति गठन भएको छ। यात्रामा सहभागीहरू कतिपयले भाकल पूरा गर्न र कतिपयले भक्ति तथा आनन्दको लागि सहभागी भएको बताएका छन्।

टुटेश्वरनाथ धामको प्राचीन, धार्मिक र सांस्कृतिक महत्त्व छ। रामायणकालमा राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी यस क्षेत्रमा विहार गर्न सखीसहेलीका साथ आउने गरेकी रामायण र महाभारतकालीन जनश्रुति रहेको मैथिल क्षेत्रका धर्मगुरूरु एवं संस्कृतिविद्हरूले बताउने गरेका छन्।

महाभारतकालमा पनि पाँच पाण्डव वनवासका बेला अर्जुनले यही स्थानमा शिवजीको तपस्या गरेर पाशुपतास्त्र प्राप्त गरी दिव्यास्त्रको ज्ञान लिन स्वर्ग गएको किंवदन्ती छ।

प्राचीन तथा पौराणिक धार्मिकस्थल टुटेश्वरनाथ धामको पुनरुत्थान शुरू भएको भने आठ दशक पुग्दैछ। विसं २००२ सालमा डिठ्ठा गौरीनारायण गिरीले वनफँडानी गरी बस्ती बसाउने क्रममा प्राचीन शिवलिङ्ग, पत्थरको बसाहासहित पुरातात्त्विक महत्त्वका सामग्री फेला पारेका थिए। त्यसपछि मात्रै यसको अध्ययन, अनुसन्धान तथा खोजीनिती थालिएको हो।

फेला परेका शिवलिङ्ग, बसाहा र अन्य पुरातात्त्विक महत्त्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरूले महाभारतकालीन भनेका छन्।

# स्व कामतको सम्मानमा झन्डा झुकाइयो

प्रस, जनकपुरधाम, २० साउन/

शास्त्रीय सङ्गीतका गुरु गुरुदेव कामतको निधनमा शोक व्यक्त गर्दै मधेस प्रदेश सरकारले आइतवार राष्ट्रिय झन्डा आधा झुकाएको छ।

सङ्गीतका गुरु कामतको बितेको बिहीवार निधन भएको थियो। कामतको निधनले स्तब्ध भएको जनाउँदै उनको सम्मानका लागि प्रदेश सरकारले आधा झन्डा झुकाउने निर्णय गरेको थियो। सोही निर्णयबमोजिम आज झन्डा आधा झुकाइएको हो।

आइतवार दिनभर झन्डा आधा झुकाउन सबै मन्त्रालयलाई मुख्यमन्त्री सतीशकुमार सिंहले निर्देशन दिएका थिए। कामतको निधनमा शोक वक्तव्य जारी गर्दै मुख्यमन्त्री सिंहले गुरुदेवजीको साङ्गीतिक आराधना र उपासनाको यात्रा अत्यन्त कठिन र सङ्घर्षपूर्ण रहेको उल्लेख गरेका छन्।

शोक वक्तव्यमा अगाडि भनिएको छ– "तर पनि जीवनका कठोरतम् क्षणसँग लड्दै शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सृजनात्मक र उत्कर्षोन्मुख बनाउन उहाँ लागिरहनुभयो।"

सिराहाको पतारी गाउँपालिका–२ पोखरभिण्डास्थित आफ्नै निवासमा गायक कामतको निधन भएको थियो। मिर्गौलारोगबाट पीडित कामतको आर्थिक अवस्था कमजोर रहेको कारण उपचारको अभावमा मृत्यु भएको पोखरभिण्डाका बासिन्दाहरूले बताएका छन्।

# वीरगंज नाकाबाट हुने हवाई इन्धन र ग्याँसको आयात घट्यो

पर्सा, २० साउन/रासस

मुलुकको प्रमुख व्यापारिक नाका वीरगंज हुँदै आयात गरिने खाना पकाउने एलपी ग्याँस र हवाई इन्धनमा कमी आएको छ। गत आर्थिक वर्षमा वीरगंज नाकाबाट खाना पकाउने ग्याँसको आयातमा चार प्रतिशत र हवाई इन्धनको आयातमा ७१ प्रतिशतले कमी आएको हो।

आव २०७९/८० मा वीरगंज नाका प्रयोग गरी रु ३३ अर्ब १३ करोड बराबरको दुई लाख ९० हजार २८७ मेट्रिकटन खाना पकाउने ग्याँस आयात गरिएको बताउँदै वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले गत आवमा रु ३० अर्बको दुई लाख ६७ हजार ४८ मेट्रिकटन ग्याँस आयात भएको जानकारी दिए। उनका अनुसार अघिल्लो आवभन्दा ११ हजार २३८ मेट्रिकटन कम ग्याँस आयात भएको हो।

भन्सार कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार अघिल्लो आवमा वीरगंज नाकाबाट रु १७ अर्ब ३१ करोडको पाँच लाख ९७ हजार १४४ किलोलिटर (केल) हवाई इन्धन आयात भएकामा गत आवमा रु १८ अर्ब २१ करोडको एक लाख ७३ हजार ४८४ केल आयात भएको छ।

सूचना अधिकारी कर्णले खाना पकाउने ग्याँस र हवाई इन्धनको आयातमा सङ्कुचन देखिए पनि नेपालमा सबैभन्दा बढी इन्धनका रूपमा उपयोग हुने डिजल र पेट्रोलको आयात भने बढेको बताए। वीरगंज नाकाबाट आव २०७९/८० को तुलनामा गत आवमा डिजल चार प्रतिशत र पेट्रोलको आयात दुई प्रतिशतले बढेको उनले जानकारी दिए।

आव २०७९/८० मा रु एक खर्ब १३ अर्ब ५८ करोडको १० लाख ४० हजार ५०६ केल डिजल र रु ३८ अर्ब २४ करोडको तीन लाख ८९ हजार ७११ केल पेट्रोल आयात भएको जनाउँदै गत आवमा रु एक खर्ब नौ अर्ब २९ करोडको १० लाख ८३ हजार ५२० केल डिजल र रु ३९ अर्ब दुई करोडको तीन लाख ९४ हजार ७२३ केल पेट्रोल आयात भएको सूचना अधिकारी कर्णले जानकारी दिए। उनका अनुसार नेपालका लागि आवश्यक ७० प्रतिशत इन्धनको आयात वीरगंज नाकाबाट हुने गरेको छ।

# पर्सामा ९० प्रतिशत रोपाइँ सकियो

वीरगंज (पर्सा), २० साउन/रासस

पर्सामा ९० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। कृषि ज्ञान केन्द्रले यो वर्ष पर्याप्त पानी उपलब्ध भएकोले जिल्लामा ९० प्रतिशत रोपाइँ सकिएको जनाएको छ।

केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले पर्सामा धानको ब्याड राखेको ठाउँबाहेक अन्य स्थानमा रोपाइँ अन्तिम चरणमा पुगेको बताए। "गत वर्षको तुलनामा जिल्लामा धान रोपाइँ धेरै भएको छ," उनले भने, "यो वर्ष यहाँ पाँचदेखि सात प्रतिशतसम्म धान धेरै फल्ने अनुमान गरेका छौं।"

केन्द्रका अनुसार हालसम्म पर्सामा ४२ हजार ३९२ हेक्टर क्षेत्रफलमा रोपाइँ भइसकेको छ। पर्सामा ४७ हजार १०३ हेक्टरमा धानखेती हुने गरेको छ। गण्डक नहरबाट पनि समयमा नै पानी उपलब्ध भएकोले रोपाइँ सहज भएको हो। पर्सामा आव २०७९/८० मा दुई लाख ३३ हजार १३५ मेट्रिकटन धान उत्पादन भएको थियो। यहाँका किसानले हर्दिनाथ, सोना मन्सुली र सावित्री जातका धान रोप्दै आएका छन्।

# जन्मदेखि मृत्यु कर्मका सबै सामान भारतीय बजारमैं निर्भर

हिमाल लम्साल
वीरगंज (पर्सा), २० साउन/रासस

वीरगंज महानगरपालिका–१६ नगवाका रितेश कलवार वीरगंज बजारमै उपलब्ध हुने खाद्यान्न तथा लत्ताकपडालगायतका वस्तु तथा सामान किनमेल गर्न नेपाल–भारत सीमावर्ती बजार रक्सौल धाउने गर्छन् । उनी सकभर वीरगंज आसपासको बजारमा किनमेल गर्न खासै रुचि देखाउँदैनन् । “यहाँ त अपर्झट परेको बेला मात्रै हो सामान किन्ने,” उनले भने, “अरू बेला त रक्सौल नै जाने गर्छौं ।”

कलवारको काँधमा पाँचजना छोराछोरी पाल्ने जिम्मेवारी छ । उनले दैनिक ज्याला मजदुरी गरेर १० हजारभन्दा कम मासिक आम्दानी हुने भएकाले पनि सीमावर्ती बजारबाटै रासन खरीद गर्नुपर्ने बाध्यता रहेको बताए ।

उनी फुर्सद मिल्नेबित्तिकै पुरानो साइकल चढेरै भारतीय सीमावर्ती बजार रक्सौलमै गएर खाद्यान्न तथा अन्य सामान किनेर गर्जो टार्दै आइरहेका छन् । उनी मात्रै होइन, वीरगंज महानगरपालिका–११ रानीघाटमा राधेश्याम पडित कुमाल आफ्नो परिवारका सदस्यलाई चाहिने सामान सीमावर्ती बजारबाटै खरीद गर्ने बताउँछन् ।

“रक्सौलमा भारु साढे ११ सयमा २६ किलोग्रामको रितुराज भन्ने चामल पाइन्छ,” उनले भने, “वीरगंज बजारमा २५ किलोग्रामको नेपाली चामल किन्ने हो भने त रु २३ सयभन्दा बढी मूल्य पर्ने गर्छ । त्यसैले पनि परिवारको गुजारा चलाउन भारतीय बजारमा नै जाने गर्छौं ।”

कुमाल यहाँ आर्थिक अवस्था कमजोर हुने मात्रै होइन, धनाढ्य वर्गका मानिस पनि जन्मदेखि मृत्यु संस्कारसम्मका सबै सामग्री खरीद गर्न भारतीय बजारमैं भर पर्छन् । “समाजका ठूला मान्छेको कुनै शुभ कार्य भए रक्सौल बजारबाटै सामान झिकाउने गर्छन्,” उनले भने, “जन्मेदेखि मृत्यु कर्मका सबै सामान उतैबाटै ल्याउने गरिन्छ ।”

वीरगंज आसपासका नेपाली जनताले भारतीय सीमावर्ती बजारबाट घरायसी प्रयोजनका लागि ल्याउने खाद्यान्न तथा लत्ताकपडामा भन्सार कार्यालय प्रशासनले खासै रोकटोक गरेको छैन । रक्सौल नाका हुँदै वीरगंजतर्फ दैनिक हजारौं सङ्ख्यामा सर्वसाधारणले दैनिक उपभोग्य सामान तथा खाद्यान्न ल्याउँदै गरेका दृश्य सामान्य जस्तै लाग्छन् ।

भारतसँग सीमा जोडिएका नेपाली नागरिकको आयको स्रोत न्यून भएकाले पनि सीमावर्ती भारतीय बजारकै भर पर्ने गरेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले गत जेठ ९ मा सार्वजनिक

तस्वीरः फाइल/प्रतीक



गरेको आव २०८०/८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनसम्बन्धी प्रतिवेदनले पनि मधेस प्रदेशमा बसोबास गर्ने व्यक्तिको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८९२ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । जबकि राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन एक हजार ४३४ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । यस हिसाबले बाग्मती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसतभन्दा कम रहेको देखिन्छ ।

आव २०८०/८१ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलरमा बाग्मती प्रदेशको दुई हजार ४८४ छ । त्यस्तै, गण्डकी प्रदेशको एक हजार ५५७, कोशी प्रदेशको एक हजार ३३६, लुम्बिनी प्रदेशको एक हजार १५१, सुदूरपश्चिम प्रदेशको एक हजार १११, कर्णाली प्रदेशको एक हजार ६६ र मधेस प्रदेशको ८९२ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । औसतमा मधेस प्रदेशमा बसोवास गर्ने सर्वसाधारणले वार्षिक रु एक लाख २० हजार आम्दानी गर्छन् भन्ने खोजेको हो ।

अर्थशास्त्री दीपेन्द्रकुमार चौधरीले मधेसमा बसोवास गर्ने व्यक्तिको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा निकै कम आम्दानी हुने देखाएकोले पनि सीमावर्ती बजारकै भर पर्नुपर्ने बाध्यता रहेको बताउँछन् । “यो प्रदेशमा बसोवास गर्ने सर्वसाधारणको आम्दानी निकै कम छ । आम्दानी कम भएसँगै सस्तो बजार खोज्नुपर्ने सीमावर्ती जनताको अर्को चुनौती हो,” उनले भने, “सीमावर्ती क्षेत्रका जनताको जन्मदेखि मृत्यु कर्मसम्मका सबै सामान भारतीय बजारमैं किनमेल गर्दै आइरहेका छन् ।”

उनका अनुसार मधेस प्रदेशका आठ जिल्लाका ६० प्रतिशत जनता सीमावर्ती भारतीय बजारबाटै उपभोग्य सामान खरीद गर्ने दाबी गर्छन् । उनले उद्योगी–व्यवसायीले पनि खुला सीमानाकाको फाइदा उठाउँदै अवैध रूटबाटै वस्तु तथा सामान भित्र्याउने गरेको दाबी गर्छन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल पनि राज्यको नीतिकै कारणले सीमा क्षेत्रका जनताको किनमेलको रोजाइ स्वदेशी बजारभन्दा पनि सीमावर्ती भारतीय बजार नै हुने गरेको बताउँछन् । “भारतीय सीमावर्ती बजार रक्सौलभन्दा वीरगंजमा खाद्यान्नदेखि लत्ताकपडासम्म २० देखि ४० प्रतिशत महँगो छ,” उनले भने, “त्यसैले पनि सर्वसाधारण स्वदेशी बजारभन्दा पनि सीमावर्ती बजारमा नै झुम्मिने गर्छन् ।”

अध्यक्ष अग्रवाल भारत सरकारको वस्तु तथा सेवा कर (जिएसटी) तिरेको बिलबीजकलाई नेपालका भन्सार कार्यालयले मान्यता नदिने कारणले पनि अवैध ढङ्गले वस्तु तथा सामान भित्रिरहेको दाबी गर्छन् । “भारतले जिएसटीमा जुन दररेट कायम गरेको छ । नेपाल सरकारले पनि त्यसैको दाँजोमा भन्सारको महसुल निर्धारण गर्ने हो भने अवैध च्यानलबाट हुने वस्तु तथा सामानको आयात हवात्तै घट्ने थियो,” उनले भने, “भन्सार विभागले अहिले पनि भन्सार मूल्याङ्कन पुस्तिकाबाटै वस्तु तथा सामानको मूल्य निर्धारण गरिरहेको छ । यही प्रावधानकै कारण सीमावर्ती क्षेत्रमा अवैध चोरी पैठारी मौलाउँदै आइरहेको छ ।”

अध्यक्ष अग्रवालले भारतमा १० प्रतिशत जिएसटी लगाइएको सामान नेपाल भित्रिंदा ४० प्रतिशतभन्दा धेरै मूल्य पर्ने भएकोले पनि सीमावर्ती क्षेत्रमा पेशेवर ढङ्गले चोरी तस्करी हुँदै आएको बताए । “अवैध ढङ्गबाट भित्रिने मालवस्तुसँग राज्यलाई भन्सार महसुल तथा भ्याटसहितको कर तिरेर भित्रिने वैध वस्तु तथा सामानले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छ,” उनले भने, “अवैध च्यानलबाट भित्रिने सामान नेपालका विभिन्न नाका हुँदै सहजै काठमाडौं पुगिरहेका छन् ।”

अध्यक्ष अग्रवालले राज्यले करको दर मात्रै होइन दायरा बढाएर अवैध च्यानलबाट हुने आयातलाई रोक्नेतर्फ गम्भीर हुन जरुरी रहेको बताए । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले सरकारले सीमावर्ती बजारबाट कानूनले तोकेकोभन्दा धेरै सामान ल्याउनेलाई कारबाई गर्दै आइरहेको दाबी गरे । “सीमावर्ती बजारबाट कानूनविपरीत सामान ल्याउनेलाई सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक निगरानी गर्दै कारबाई गर्दै आइरहेका छन्,” उनले भने, “पर्सामा १०७ किमी खुला सीमानाका भएकोले घरायसी प्रयोजनको लागि सामान ल्याउनेलाई पूर्णरूपमा रोक लगाउन सकिरहेका छैनौं ।”

पर्सा प्रहरीले आव २०८०/८१ मा ५३ करोड ४७ लाख मूल्यको भन्सार छली गरेर भित्र्याएका तथा बिलबीजक नभएको सामान बरामद गरेको छ । त्यतिमात्रै होइन, सोही अवधिमा सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वार्टर पर्साले रु ३४ करोड २७ लाख ७८ हजार ३३३ मूल्य पर्ने बिलबीजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको छ । दुवै प्रहरी प्रशासनले रु ८७ करोड ७४ लाख मूल्य पर्ने अवैध वस्तु तथा सामान बरामद गरेका छन् । यी तथ्याङ्कले पनि सीमावर्ती क्षेत्रमा हुने चोरी तस्करीलाई पुष्टि गर्छ ।

नेपाल–भारतबीचको १७ सय किलोमिटर खुला सीमानाकाको फाइदा उठाउँदै अवैध रुट हुँदै भन्सार छलीका सामान भित्रिरहेका छन् । अवैध रूटबाट सामान भित्रिरहेकाले राज्यले खर्बौं रुपियाँ राजस्व गुमाइरहेको छ । अर्कोतर्फ राज्यले प्राप्त गर्ने राजस्व भने अपेक्षितरूपमा बढ्न पनि सकिरहेको छैन ।

भन्सार विभागले देशकै सबैभन्दा ठूलो वीरगंज भन्सार कार्यालयलाई आव २०८०/८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार राजस्व सङ्कलन गर्न दिएको थियो । तर सो कार्यालयले एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार रुपियाँभन्दा बढी राजस्व सङ्कलन गर्न सकेन । विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई पनि गत आवमा रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । तर सो कार्यालयले वार्षिक लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात् रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार राजस्व सङ्कलन गऱ्यो ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले गत आवभन्दा १४ प्रतिशत आयात घटेकोले राजस्व सङ्कलनमा प्रत्यक्ष असर पारेको दाबी गर्छन् । “गत आवमा सवारीसाधन र औद्योगिक कच्चा पदार्थको आयात घटेसँगै लक्ष्य अनुसारको राजस्व उठन सकेन ।”



**अकला मन्दिरः** तनहुँको म्याग्दे गाउँपालिका–६ मा अवस्थित प्रसिद्ध अकला मन्दिर । पृथ्वी राजमार्गसँगै जोडिएको यस मन्दिरमा पूजा आराधनाका लागि विभिन्न ठाउँबाट भक्तजन आउने गर्छन् । तस्विरः कृष्ण न्यौपाने/रासस

## फरक समाचार

# डिमेन्सिया रोगीहरूको एउटा गाउँ

डिमेन्सिया यस्तो रोग हो, जसमा मस्तिष्कका कोशिकाहरू बिस्तारै बिग्रन थाल्छन् । जसका कारण सोच्ने, सम्झने र निर्णय लिने क्षमता कम हुन्छ । यो रोग सामान्यतया वृद्धवृद्धामा हुन्छ, तर यो जुनसुकै उमेरमा हुन सक्छ । विश्वमा एउटा यस्तो गाउँ छ, जहाँ हरेक व्यक्ति बिर्सने रोगबाट पीडित छन् ।



यस्तै, एउटा अनौठो गाउँ दक्षिण–पश्चिम फ्रान्समा अवस्थित छ, जसको नाम ल्यान्डिस हो । यस गाउँमा बसोबास गर्ने हरेक व्यक्ति डिमेन्सिया अर्थात् बिर्सने समस्याबाट पीडित छन् । ल्यान्डिस गाउँ एक प्रकारको प्रयोग हो । अल्जाइमरबाट पीडित व्यक्तिहरूमा सबै कुरा सम्झने दबाव कम गर्नाले तिनीहरूको रोग सुधार गर्न सकिन्छ कि भनेर वैज्ञानिकहरू जान्न चाहन्छन् । बोर्डो युनिभर्सिटीका अनुसन्धानकर्ताहरूले यो प्रयोगको नेतृत्व गरिरहेका छन् ।

यो गाउँको जीवन धेरै सरल छ । यहाँ मानिसहरूले कुनै पनि चिन्ता लिनुपर्दैन । गाउँमा सबैभन्दा जेठो व्यक्ति १०२ वर्षका छन्, जबकि कान्छो व्यक्ति ४० वर्षका छन् । गाउँको बीचमा एउटा सामान्य पसल छ, जहाँ सबै आवश्यक वस्तु निश्शुल्क उपलब्ध छन् । मानिसहरूले पैसा राख्ने चिन्ता लिनुपर्दैन । तिनीहरू स्वतन्त्ररूपमा पसल, रेस्टुरेन्ट र थिएटरहरूमा जान सक्छन् ।

यस गाउँमा बसोबास गर्ने मानिसको रोगमा सुधार आएको अनुसन्धानकर्ताहरूले बताएका छन् । यहाँ बस्ने मानिसहरूका परिवारहरू पनि खुशी छन् किनभने उनीहरूलाई थाहा छ कि आफ्ना प्रियजनहरू सुरक्षित र तनावमुक्त वातावरणमा बाँचिरहेका छन् ।

ल्यान्डिस गाउँ डिमेन्सियाबाट पीडित मानिसहरूका लागि आशाको नयाँ किरण हो । यसले देखाउँछ कि यी व्यक्तिहरूको जीवन सही वातावरणमा बस्दा सुधार गर्न सकिन्छ । यो प्रयोगले वैज्ञानिकहरूलाई डिमेन्सियाको उपचार गर्ने नयाँ तरीकाहरू पत्ता लगाउन मदत गर्न सक्छ ।

ल्यान्डिस गाउँले हामीलाई जीवनमा खुशी हुन धेरै वस्तु आवश्यक पर्दैन भनेर सिकाउँछ । हामीलाई केवल शान्त र तनावमुक्त वातावरण चाहिन्छ । यसले हामीलाई अरूलाई मदत गर्न र तिनीहरूको खुशीमा योगदान गर्नुपर्छ भनेर पनि सिकाउँछ ।

# शुद्ध घ्यू कसका लागि हानिकारक

नेपालका धेरै किसान दुग्ध उत्पादनमा निर्भर छन् । गाउँदेखि शहरसम्म दुधालु जनावरको कमी छैन, त्यसैले यहाँ शुद्ध घ्यू खाने चलन छ । भात, रोटी, जाउलो, दाललगायत खानेकुरामा घ्यू मिसाएर सेवन गरिन्छ । धेरै स्वास्थ्य विशेषज्ञले यसलाई खाना पकाउने तेलको स्वस्थ विकल्प मान्छन् र यसलाई सुपर फुडको दर्जा दिन्छन्, किनभने यो कपालदेखि छालासम्म सबैका लागि फाइदाजनक हुन्छ । तपाईंले प्रायः शुद्ध घ्यू खानुका फाइदाहरूको बारेमा सुन्नुभएको होला, जुन धेरै हदसम्म सत्य हो तर कतिपय अवस्थामा यसको बेफाइदा पनि देखिन्छ । सबैभन्दा पहिले यो सीमित मात्रामा खानुपर्छ र सबैका लागि फाइदाजनक हुन्छ भन्ने पनि छैन । कुन मेडिकल अवस्थामा हामीले शुद्ध घ्यूको सेवन गर्नुहुँदैन, त्यसबारेमा जानकारी राख्नुपर्छ ।



भारतका प्रख्यात पोषणविज्ञ निखिल वत्सले शुद्ध घ्यूको सेवनले कतिपय मानिसलाई हानि पुऱ्याउन सक्ने बताए । यदि तपाईं ८ देखि १० घण्टा कार्यालयमा बसेर काम गर्नुहुन्छ र शारीरिक क्रियाकलाप गर्नुहुन्न भने शुद्ध घ्यू सेवन गर्नु उचित हुँदैन । उच्च कोलेस्ट्रोलको समस्याबाट ग्रसित व्यक्तिहरूले शुद्ध घ्यूबाट टाढा रहनुपर्छ, किनभने यसले धेरै समस्या निम्त्याउन सक्छ । यदि तपाईं मधुमेहबाट पीडित हुनुहुन्छ भने शुद्ध घ्यू नखानुहोस् किनभने यसले तपाईंको स्वास्थ्यलाई बिगार्न सक्छ ।

**यस्ता मानिसका लागि शुद्ध घ्यू फाइदाजनक हुन्छः** घण्टौंसम्म कसरत गर्ने वा शारीरिक क्रियाकलाप गर्नेहरूका लागि घ्यू खानु फाइदाजनक हुन्छ । धेरै दौडने र हिंड्नुपर्ने काम गर्ने मानिसले शुद्ध घ्यू खानु उचित हुन्छ । पातलो भएका र तौल बढाउन चाहनेहरूका लागि शुद्ध घ्यूको सेवनले इच्छित परिणाम ल्याउन सक्छ ।

# रक्तचाप कम गर्ने फलफूल

उच्च रक्तचापका बिरामीको सङ्ख्यामा निकै वृद्धि भइरहेको छ । किनभने यहाँका मानिसहरूले नुनिलो खानेकुरा बढी खान्छन् । नुनिलो खानेकुरामा सोडियमको मात्रा बढी हुन्छ, जसले गर्दा रक्तचापको समस्या निम्त्याउँछ । यसबाहेक धेरै तेलयुक्त वा प्रशोधित खाना खाने मानिसहरूको धमनीमा कोलेस्ट्रोल जम्मा हुन थाल्छ । जसका कारण ब्लकेज हुने र रक्तप्रवाहमा समस्या हुने गर्छ । यस्तो अवस्थामा रगतलाई मुटुसम्म पुऱ्याउन धेरै मेहनत गर्नुपर्ने हुन्छ, यसलाई उच्च रक्तचाप भनिन्छ ।

जब रक्तचाप बढ्छ, हृदयरोग शुरू हुन्छ, जसमा हृदयाघात, मुटु फेलियर, कोरोनरी धमनी रोग र ट्रिपल वेसल डिजिज पर्छन् । सामान्यतया जब तपाई तनावमा हुनुहुन्छ भने पनि उच्च रक्तचाप हुन सक्छ । यस्तो अवस्थामा मानिसहरू धेरै रिसाउँछन् । पोषण विशेषज्ञ निखिल वत्सले रक्तचाप नियन्त्रण गर्ने फलफूलबारे यसो भन्छन्:

**केराः** उच्च रक्तचापका बिरामीले केरा खानुपर्छ, यो साधारण फल हो र धेरैलाई मन पर्छ । यो फलमा पोटाशियम प्रचुर मात्रामा पाइन्छ, जसले उच्च रक्तचापको समस्यालाई कम गर्छ ।

**सुन्तलाः** रोग प्रतिरोधात्मक क्षमता बढाउन सुन्तला खान्छौं, किनभने यसमा भिटामिन ‘सी’ प्रशस्त हुन्छ, यस अमिलो फलमा सिट्रस एसिड हुन्छ र यसले रक्तचाप बढ्नबाट रोक्छ ।

**स्याउः** स्याउ एकदमै स्वस्थ फल हो, हामीले प्रायः सुनेका छौं, दिनहुँ एउटा स्याउ खानुभयो भने चिकित्सककहाँ जानुपर्दैन । स्याउ एन्टिअक्सिडेन्टले प्रचुर स्रोत हो, जसले शरीरका धेरै समस्यालाई हटाउन सक्छ र रक्तचापका बिरामीका लागि यो औषधिभन्दा कम छैन ।– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भेनेजुएलालाई मतदानको रेकर्ड सार्वजनिक गर्न आग्रह

रोम, २० साउन/एएफपी

युरोपेली सङ्घ (इयू)का सात राष्ट्रका नेताहरूले भेनेजुएलालाई 'निर्वाचन प्रक्रियाको पूर्ण पारदर्शिता र सत्यनिष्ठा' देखाउन मतदानको विवरण सार्वजनिक गर्न शनिवार आग्रह गरेका छन् ।



विपक्षी नेत्री मारिया कोरिना मचाडो विरोध प्रदर्शन गर्दै । तस्वीरः एएफपी

फ्रान्स, जर्मनी, इटाली, नेदरल्यान्ड्स, पोल्यान्ड, पोर्चुगल र स्पेनले जारी गरेको वक्तव्यमा राष्ट्रपति चुनावपछिको देशको अवस्थाबारे 'कडा चिन्ता' व्यक्त गरिएको छ ।

राष्ट्रपति निकोलस मदुरोले गत साताको मतदानमा विजयी भएको दाबी गरेका थिए तर विपक्षीले भने एडमुन्डो गोन्जालेज उरुटिया विजयी भएको दाबी गर्दै आधिकारिक नतीजाको विरोध गरेका छन् ।

"हामी भेनेजुएलाका अधिकारीहरूलाई मतदानसम्बन्धी सबै विवरण तत्काल सार्वजनिक गर्न आग्रह गर्छौं," सात देशका नेताहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

भेनेजुएलाका जनताको इच्छालाई मान्यता दिन यस्तो कदम चाल्नु आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ ।

"भेनेजुएलाका विशेषगरी विपक्षी राजनीतिक नेता र सबै नागरिकको अधिकारलाई यस प्रक्रियामा सम्मान गर्नैपर्छ ।

विज्ञप्तिमा भनिएको छ, "हामी उनीहरूविरुद्ध कुनै पनि गिरफ्तारी वा धम्कीको कडा शब्दमा निन्दा गर्छौं, अधिकारीहरूले जनताको 'शान्तिपूर्णरूपमा विरोध प्रदर्शन गर्ने र भेला हुने अधिकार'को सम्मान गर्नुपर्छ ।

भेनेजुएलाका हजारौं नागरिकले मदुरोले चुनाव जितेको दाबीलाई चुनौती दिन देशभर भेला भएका बेला उक्त वक्तव्य आएको हो ।

राष्ट्रपतिप्रति वफादार रहेको सिएनई निर्वाचन प्राधिकरणले शुक्रवार मदुरोको विजयलाई अनुमोदन गरेपछि शुरू भएको प्रदर्शनमा ११ जनाको मृत्यु हुनुका साथै एक हजारभन्दा बढीलाई हिरासतमा लिइएको बताइएको छ ।

संयुक्त राज्य अमेरिका र ल्याटिन अमेरिकी छिमेकी अर्जेन्टिना, कोस्टारिका, पानामा, इक्वेडर र उरुग्वेलगायत देशहरूले उक्त नतीजालाई अस्वीकार गरिसकेका छन् ।

भेनेजुएलाको विपक्षी दलले आफ्नो उम्मेदवार गोन्जालेज उरुटिया स्पष्टरूपमा विजयी भएको दाबी गर्दै आएको छ । रासस

## तेल अविवनजीकै छुरा प्रहार, एकजनाको मृत्यु

होलोन, इजरायल, २० साउन/एएफपी

इजरायलको तेल अविवको बाहिरी क्षेत्रमा छुरा प्रहारबाट आइतवार एक महिलाको मृत्यु भएको छ भने अन्य तीनजना गम्भीर घाइते भएका छन् ।

प्रहरीले शङ्कास्पद प्यालेस्टिनी आक्रमणकारीले छुरा प्रहार गरेको तर आक्रमणकारीलाई तत्काल सुरक्षा नियन्त्रणमा लिइएको बताएको छ ।

गाजामा इजरायल–हमास युद्ध शुरू भएको करीब १० महीनापछि क्षेत्रीय तनाव बढिरहेका बेला इजरायलको व्यापारिक केन्द्र तेल अविवको बाहिरी भागमा पर्ने होलोनका विभिन्न स्थानमा आक्रमण भएको म्यागेन डेभिड एडोम नामक आपत्कालीन सेवा बलले जनाएको छ ।

इजरायलको कब्जामा रहेको वेस्ट बैंकका ती संदिग्धलाई घटनास्थलमा पुगेका एक प्रहरी अधिकारीले 'निष्प्रभावी' बनाएको बलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

आक्रमणको केही समयपछि गम्भीर घाइते भएकी ७० वर्षीया महिलाको मृत्यु भएको म्यागेन डेभिड एडोमले जानकारी दिएको छ ।

७० वर्षीय वृद्धको अवस्था गम्भीर रहेको, ६८ वर्षीय एकजना गम्भीर घाइते भएको र २६ वर्षीय पुरुषको अवस्था सामान्य रहेको सो संस्थाले जनाएको छ ।

"यो एक जटिल र कठिन आतङ्कवादी हमला थियो, पीडितहरू एकअर्काबाट लगभग ५०० मिटरको दूरीमा तीन अलगअलग स्थानमा फेला परेका थिए," म्यागेन डेभिड एडोमले भनेको छ । रासस

## आक्रमणको प्रतिरोधको तयारीमा अमेरिकी जनरल मध्यपूर्वमा

वाशिङ्टन डिसी, २० साउन/एएफपी

हमास र हिजबुल्लाहका वरिष्ठ नेताको हत्यापछि इरानले इजरायलमाथि आक्रमण गर्न सक्ने अनुमानबीच अमेरिकी केन्द्रीय कमान्डका जनरल माइकल कुरिल्ला शनिवार उक्त क्षेत्रमा आइपुगेको दुई अमेरिकी अधिकारीलाई उद्धृत गर्दै अमेरिकी समाचार संस्था एक्जिओसले जनाएको छ ।

तेहरानमा हमासका राजनीतिक विभाग प्रमुख इस्माइल हनियाको हत्यापछि इजरायल, इरान र हिजबुल्लाहबीच पछिल्लो समय तनाव हुनु अघि तय गरिएको जनरल कुरिलाको भ्रमणलाई अहिले रणनीतिक कदमका रूपमा हेरिएको छ ।

उनले अप्रिल १३ मा इरानबाट भएको आक्रमणविरुद्ध इजरायलको रक्षा गर्ने अन्तर्राष्ट्रिय र क्षेत्रीय गठबन्धनलाई परिचालन गर्ने अपेक्षा गरिएको एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै एक्जिओसले जनाएको छ ।

अमेरिका र इजरायलका तीन अधिकारीले इरानले सोमवारसम्ममा इजरायलमाथि आक्रमण गर्न सक्ने बताएका छन् ।

इरान र हिजबुल्लाहका नेताहरूले हिजबुल्लाहका शीर्ष सैन्य कमान्डर फुआद शुकर र हमासका राजनीतिक नेता इस्माइल हनियाको हत्याको बदला लिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

एक अमेरिकी अधिकारीका अनुसार कुरिलाले इजरायल र जोर्डनलगायत खाडीका विभिन्न देशको भ्रमण गर्ने अपेक्षा गरिएको छ । कुरिलाको भ्रमणको प्रमुख गन्तव्य जोर्डन रहेको मानिएको छ किनकि जोर्डनले अप्रिल १३ को आक्रमणको समयमा इजरायलको सहयोगका लागि इरानी ड्रोनहरूलाई रोकी अमेरिकी र इजरायली जेटहरूलाई उडानको लागि आफ्नो हवाई क्षेत्र प्रयोग गर्न अनुमति दिएर महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

अधिकारीका अनुसार अमेरिकाले आवश्यक परेको खण्डमा फेरि पनि जोर्डनको यस्तै सहयोग रहने आशा गरेको छ । इरानले इजरायलमाथि गर्न सक्ने सम्भावित आक्रमणको तयारीका लागि अमेरिकाले मध्यपूर्वमा आफ्ना सेनालाई बढाइरहेको र यस क्षेत्रमा थप युद्धपोत तथा लडाकू विमानहरू पठाउन लागेको पेन्टागनले शुक्रवार जनाएको छ ।

अमेरिकी अधिकारीहरूले इरानको जवाफी कारबाई इजरायलमाथि गरेको अघिल्लो आक्रमणजस्तै औचित्यहीन हुने तर लेबनानमा हिजबुल्लाह पनि सामेल हुन सक्ने अपेक्षा गरेका छन् । हानियाको हत्याले यस क्षेत्रमा इजरायलविरुद्ध तीव्र भावना उत्पन्न गरेकाले अघिल्लो इरानी आक्रमणबाट इजरायलको रक्षा गर्ने राष्ट्रहरूको अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग परिचालन गर्न अझ कठिन हुन सक्ने अमेरिकी सरकारको चिन्ता छ ।

अमेरिका र इजरायलका अधिकारीहरूले इरान र हिजबुल्लाहले समन्वित आक्रमण गर्ने वा छुट्टाछुट्टै कारबाई गर्ने भन्नेबारे आफूलाई थाहा नभएको बताएका छन् । इरान र हिजबुल्लाहले अझै पनि आफ्नो सैन्य योजनालाई अन्तिम रूप दिन र राजनीतिकस्तरमा अनुमोदन गर्न काम गरिरहेको अधिकारीहरूले बताएका छन् । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


**पुनर्निर्माणपछि रानीपोखरीसँगैको दरबार हाईस्कूलः** काठमाडौंको जमलमा रहेको रानीपोखरीसँगैको दरबार हाईस्कूल । रानीपोखरी र दरबार हाईस्कूल विसं २०७२ मा आएको भूकम्पले क्षतिग्रस्त भएपछि पुनर्निर्माण गरिएको हो । तस्बिरः विमलबहादुर विष्ट/रासस

## वर्तमान गठबन्धन लामो समय टिक्ने नेता निधिको दावि

प्रस, जनकपुरधाम, २० साउन/

केपी ओली नेतृत्वको वर्तमान गठबन्धन सरकार आफ्नो अवधिसम्म टिक्ने नेपाली काङ्ग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले दाबी गरेका छन् ।

जनकपुरधामको श्रीराम युवा कमिटीको नवनिर्वाचित पदाधिकारीहरूको शपथग्रहण समारोहमा नेता निधिले यो गठबन्धन लामो समयसम्म चल्ने र यसले मुलुकमा राजनीतिक स्थायित्व प्रदान गर्ने बताए ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीले दुई वर्ष नेतृत्व गरेपछि चुनावसम्मको अवधि गठबन्धन सरकारको नेतृत्व नेका सभापति शेरबहादुर देउवाले गर्ने बताए । गठबन्धनको सहमतिमा कुनै द्विविधा नपाल्न आग्रह गर्दै नेता निधिले दोस्रो ठूलो दल एमाले अध्यक्षसमेत रहेका वर्तमान प्रधानमन्त्री स्वयंले संसद्मैं स्पष्ट अभिव्यक्ति दिएको बताए ।

आफू दुई वर्ष प्रधानमन्त्री र त्यसपछि नेका सभापति देउवा प्रधानमन्त्री बन्ने अभिव्यक्ति ओलीले दिएकाले पनि यो गठबन्धन टिकाउ रहेको पुष्टि हुने निधिको तर्क थियो ।

मुलुकमा जबजब अप्ठ्यारो अवस्था आउँछ, तबतब काङ्ग्रेस र एमाले कार्यगत एकताका साथ अघि बढेको चर्चा गर्दै उनले गठबन्धनभित्र कुनै किसिमको असन्तुष्टि हुने सम्भावना टाढासम्म नरहेको ठोकुवा गरे ।

नेता निधिले वर्तमान गठबन्धनले मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्ने भन्दै राजनीतिक स्थायित्वले मात्रै देशमा विकासका मार्ग प्रशस्त हुने दाबी गरे ।



उनले दुई ठूला दल मिलेर बनेको यो सरकारले मुलुक राजनीतिक, आर्थिक, सामाजिक तथा शैक्षिक विकासको मुद्दालाई प्राथमिकताका साथ समाधानको पक्षमा काम गर्ने पनि बताएका छन् ।

## ज्ञानदा एकेडेमीमा अभिमुखीकरण कार्यक्रम

प्रस, वीरगंज, २० साउन/

ज्ञानदा एकेडेमीले नयाँ विद्यार्थीहरूमा ऊर्जा बढाउन तथा कक्षा ११ का छात्रछात्राहरूलाई विशेष जानकारी दिन शनिवार अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

एकेडेमीका प्रमुख कार्यकारी अधिकारी राजेन्द्रप्रसाद कोइरालाले विद्यार्थीहरूसँग शिक्षा क्षेत्रको अनुभव साटेका थिए भने लक्ष्यप्राप्तिका लागि विद्यार्थीलाई सुझाव दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि वीरगंज नर्सिङ क्याम्पसका प्रमुख कल्पना पौडेल, नेपाल बार एशोसिएशन, पर्साका अध्यक्ष कमलमोहन पोखरेल, नेशनल मेडिकल कलेजका एमडी शाहनबाज अन्सारीलगायतले मन्तव्य राखेका थिए ।


तस्वीरः सौजन्य

एकेडेमीका प्रमुख कार्यकारी अधिकारी कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय क्रिकेट खेलाडी तथा ज्ञानदाका ब्रान्ड एम्बेस्डर आसिफ शेख, एकेडेमीका शिक्षकहरू वसिम हुसैन, मनोज यादव, मनीष रौनियार, ज्योति रौनियार, अविनाश गिरी, अफरोज अन्सारी, अमितेश झा, गेनालाल यादव, निरञ्जन केशरी, रामबाबू बैठा, विपिन पटेल, परमानन्द यादवलगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण रामप्रसाद पाण्डेले र विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

## ट्याक्टर दुर्घटनामा पाँचजना घाइते

प्रस, सर्लाही, २० साउन/

सर्लाहीको मलङ्गवामा शनिवार बिहान ट्याक्टर दुर्घटना हुँदा पाँचजना बोलबम यात्री घाइते भएका छन् ।

मलङ्गवा नगरपालिका वडा नं १२ स्थित नहरको सडकमा ज.२त ३२७ नम्बरको ट्याक्टर दुर्घटना भएको हो । बोलबम यात्री सवार ट्याक्टर दुर्घटना हुँदा सर्लाहीको चक्रघट्ट गाउँपालिका वडा नं ५ का २६ वर्षीया शान्ति देवी, उनकी नौ वर्षीया छोरी सुस्मिता, सोही स्थानका ४० वर्षीया गीता देवी, ४५ वर्षीया पतही देवी र उनकी ११ वर्षीया छोरी अंशुकुमारी घाइते भएका भए ।

उनीहरू सबै सोही ट्याक्टरमा सवार बोलबम यात्री रहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए ।

सीमावर्ती भारतको मढियामा जल चढाएर सर्लाहीको चक्रघट्ट फर्कंदै गरेका यात्रु दुर्घटनामा परेका हुन् । तीव्र गतिमा रहेको ट्याक्टर चालकको लापरवाहीका कारण अनियन्त्रित भई नहरमा खसेको प्रहरीको ठहर छ । ट्याक्टर चालक चक्रघट्ट गाउँपालिका वडा नं ८ औरही निवासी ३० वर्षीय रामबालक राय घटनापछि फरार छन् । घाइतेहरू खतरामुक्त रहेको प्रहरीले जनाएको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – ज्ञानोदय | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – धनलाभ | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – कष्टानुभूति |
| कुम्भ – यात्रालाभ | मीन – कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

हकदाबीसम्बन्धी ३५ दिने सूचना

मधेस प्रदेश, बारा जिल्ला, प्रसौनी गाउँपालिका वडा नं १ बस्ने गणेशराउत कुर्मीका नाति जगरनाथ राउतका छोरा ताराचन राउतले हिमालयन बैंकको प्रसौनी शाखामा बचत खाता नं ०५३०९६२९०६००१३ खोली कारोबार गर्दै आउनुभएकोमा खातावालको मिति २०८१/०३/२८ गते मृत्यु भएको र इच्छाएको व्यक्ति कान्छाराउत कुर्मीकी छोरी, मृतक ताराचन राउतकी पत्नी कुसुमीदेवी पटेलको यही मिति २०८१/०३/२८ गते मृत्यु भएकोमा उक्त खातामा रहेको रकम हस्तान्तरण गरी खाता बन्द गरिपाउँ भनी मृतकका छोराहरू सरोज पटेल र अनोज पटेलले आवश्यक कागजात संलग्न गरी बैंकसमक्ष संयुक्त निवेदन दिनुभएकाले उक्त रकमउपर अन्य कसैको हकदाबी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सप्रमाण दाबी गर्न आउनुहोला । अन्यथा माग बमोजिम खाताको रकम भुक्तानी गरिने बेहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd.
'A' Class Licensed Financial Institution

# रामपुर टोकनीमा अस्पताल निर्माणको लागि दुई करोडको जग्गा दान, रथमा बसाएर दातालाई घुमाइयो


तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २० साउन/

बारा, परवानीपुर गाउँपालिका–२ रामपुर टोकनीमा १५ शय्याको सरकारी अस्पताल स्थापना हेतु दुई करोड मूल्य बराबरको जग्गा दान गरिएको छ ।

सोही स्थानका चुलाइ साहकी बुहारी रामप्यारीदेवी साहले साढे छ कट्ठा जग्गा परवानीपुर गापाको नाममा पास गर्दै जग्गा दान गरेकी हुन् । जग्गा पालिकाको नाममा आएपछि सङ्घ सरकारमार्फत १५ शय्याको अस्पताल निर्माणको लागि माग गरिनेछ । सङ्घ सरकारले अस्पताल निर्माणको लागि लागत अनुसार १८ देखि २० करोड रकम अनुदान दिनेछ ।

वडा नं २ का अध्यक्ष महम्मद नुरुल होदा अन्सारीको अध्यक्षता एवं परवानीपुर गापाका अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मीको प्रमुख आतिथ्यमा भएको सम्मान कार्यक्रममा उपाध्यक्ष सुगन्धी कनुइन, प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता, वडाध्यक्षहरू इब्राहिम मियाँ धोबी, गम्भीरा पटेल, रामेश्वर कलवारलगायतको सहभागिता थियो ।

कार्यक्रममा दोसल्ला ओढाएर दाता परिवारका सदस्यलाई सम्मान गरिएको थियो भने रथमा राखेर गाउँपालिका परिक्रमा गराइएको थियो । परिक्रमाका लागि रथ, १० वटा घोडा, ६० वटा ईरिक्शालगायत लावालस्करसहित उनको सम्मान गरिएको थियो ।

# पोखरिया वितरण केन्द्रद्वारा पाँच करोड बढी राजस्व सङ्कलन

प्रस, पोखरिया, २० साउन/

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा पाँच करोड आठ लाख राजस्व बढी सङ्कलन गरेको छ ।

पोखरिया वितरण केन्द्रले जनाए अनुसार २०७९/८० मा ३४ करोड २४ लाख २९ हजार ७३८ राजस्व सङ्कलन गरेको थियो भने आव २०८०/८१ मा ३९ करोड ३२ लाख ७४ हजार ३३४ राजस्व सङ्कलन गरेको वितरण केन्द्रका प्रमुख बुद्धिनाथ झाले बताए ।

पोखरिया वितरण केन्द्र अन्तर्गत वीरगंज महानगरबाहेक पर्सा जिल्लाका १३ वटा पालिका पर्छन् । आव २०७९/८० मा ४४ हजार ७७२ जना ग्राहक रहेको यो केन्द्रमा गत आवमा ग्राहक सङ्ख्या बढेर ५० हजार ६५६ पुगेको छ । प्रतिशतको हिसाबले ग्राहक सङ्ख्या १३.१४ ले वृद्धि भएको वितरण केन्द्रले जनाएको छ ।

यो केन्द्र अन्तर्गत हालसम्म ५५ करोड ६३ लाख ५६ हजार बक्यौता रहेको छ । गत आव २०८०/८१ मा एक हजार १३१ जनाको लाइन काटिएको र उनीहरूबाट पाँच करोड ९५ लाख छ हजार २८० रुपैयाँ सङ्कलन हुन बाँकी रहेको थियो । काटिएका लाइनमध्ये एक हजार १८ जनाको लाइन जडान गरी तीन करोड ३१ लाख ८६ हजार ७९१ रकम सङ्कलन भएको प्रमुख झाले बताए ।

गत आव २०८०/८१ मा २६० जनालाई विद्युत् चुहावटमा कारबाई गरिएको र सोबाट रु २७ लाख एक हजार ८८७ जरिवाना सङ्कलन भएको थियो । पोखरिया वितरण केन्द्र अन्तर्गत गत आवसम्म १८.४० प्रतिशत विद्युत् चुहावट भइरहेकामा हाल चुहावट नियन्त्रण भएर १८.१३ प्रतिशतमा झरेको केन्द्र प्रमुख झाले बताए ।

# रामराजा क्याम्पस परिसरमा वृक्षारोपण



प्रस, वीरगंज, २० साउन/

पतञ्जलि योगपीठ, हरिद्वारका आयुर्वेदाचार्य बालकृष्ण आर्चायको जन्मोत्सव तथा नेपाल आर्य समाजको वार्षिकोत्सवको अवसरमा रामराजा बहुमुखी क्याम्पस, कलैयाको प्राङ्गणमा आइतवार वृक्षारोपण गरिएको छ ।

कार्यक्रममा जकरान्डा, कदम, गोल्डमोहर, अर्जुन, अनार, अमला, टीक, नीम, तुलसीलगायतका २९२ वटा बिरुवा रोपण गरिएको नेपाल आर्य समाज, बाराका अध्यक्ष राजेश आर्यले बताए ।

कार्यक्रममा हीरामण आर्य, बैधनाथ आर्य, सरोज आर्य, क्याम्पस प्रमुख निमेष तिमल्सिना, पूर्वअध्यक्ष प्रभु पटेल, सुरेश मोदक, उमेश कर्णलगायतको सहभागिता थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# सखुवाप्रसौनीमा आँखा चेकजाँच शिविर


तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, २० साउन/

सखुवाप्रसौनी गाउँपालिका–२ स्थित दीपनारायण आदर्श माविको प्राङ्गणमा एक दिने आँखा चेकजाँच शिविर सम्पन्न भएको छ ।

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत इलाका प्रहरी कार्यालय, एकटाँगाको आयोजनामा वीरगंज सामुदायिक आँखा केन्द्र र तिलगङ्गा आँखा अस्पतालको प्राविधिक सहयोगमा आयोजित शिविरमा ६८ जनाको आँखा चेकजाँच गरी औषधि वितरण गरिएको थियो । शिविरमा ३६ जनाको आँखामा मोतीबिन्दु फेला परेको र उनीहरूको साउन २१ गते वीरगंजमा निशुल्क शल्यक्रिया गरिने केन्द्रका स्वास्थ्य संयोजक महेशसिंह धामीले बताए ।

कार्यक्रममा प्रहरी नायब निरीक्षक अरविन्दकुमार यादव, केन्द्रका चिकित्सक एवं प्राविधिक प्रभात चौरसिया, मुस्कान श्रेष्ठ, अपसा अन्सारीलगायतले आँखा परीक्षण गरेका थिए ।

# खेलकूदको संसार

## श्रीलङ्काले माल्दिभ्सलाई हरायो

काठमाडौं, २० साउन/रासस

श्रीलङ्काले माल्दिभ्सलाई पराजित गर्दै सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) महिला नेशन्स लिगमा पहिलो जीत दर्ता गराएको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा आइतवार भएको पहिलो खेलमा श्रीलङ्काले माल्दिभ्सविरुद्ध ३–० को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा पहिलो जीत दर्ता गराएको हो ।

श्रीलङ्काले माल्दिभ्समाथि खेलको पहिलो सेट २५–२२ ले जित्यो भने दोस्रो सेट २५–१२ ले आफ्नो पक्षमा पार्‍यो । त्यस्तै, खेलको तेस्रो सेट २५–१६ ले जितेपछि प्रतियोगितामा पहिलो जीत दर्ता गराएको हो । जीतसँगै श्रीलङ्काले सेमिफाइनल यात्रा तय गरेको छ । पराजित माल्दिभ्स भने सेमिफाइनल होडबाट बाहिरियो ।

श्रीलङ्काले यस अघि नेपालसँग ३–० र इरानसँग ३–२ सेटमा हार बेहोरेको थियो । माल्दिभ्स भने यसअघि भारत र इरानसँग समान ३–० को सेटमा पराजित भएको थियो ।

यस खेलसँगै उक्त प्रतियोगितामा सेमिफाइनल पुग्ने टोलीको टुङ्गो लागेको छ । सेमिफाइनलमा नेपाल, भारत, इरान र श्रीलङ्काले स्थान पक्का गरेका छन् ।

### नेपाल इरानसँग पराजित

नेपाल इरानसँग पराजित भएको छ । प्रतियोगितामा यो नेपालको पहिलो हार हो । यस अघि नेपालले श्रीलङ्का र भारतलाई पराजित गरेको थियो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को कभर्डहलमा भएको खेलमा इरानले नेपाललाई ३–२ ले पराजित गरेको हो । इरानविरुद्धको खेलमा नेपालको सुरुआत भने राम्रो हुन सकेन । नेपाल पहिलो सेटमा इरानसँग १६–२५ ले पराजित भयो । उक्त सेटमा इरानले १६–१० को अग्रता बनाएपछि नेपाल खेलमा फर्कन सकेन ।

दोस्रो सेटमा भने नेपालले उत्कृष्ट सुरुआत गर्दै खेललाई आफ्नो पक्षमा ल्यायो । नेपालले सुरुआतमा ७–० को अग्रता बनाएको थियो । सोही अग्रतालाई जोगाउँदै नेपालले इरानमाथि २५–१६ ले जित्यो र खेललाई एक/एकको बराबरीमा ल्यायो ।

खेलको तेस्रो सेटमा नेपाल पुनः पराजित हुन पुग्यो । तेस्रो सेटको सुरुआतमा नेपालले ७–२ को अग्रता बनाए पनि यो अग्रतालाई निरन्तरता दिन सकेन । इरानले ९–९ को बराबरीमा पुर्‍याएपछि यो सेट निकै प्रतिस्पर्धात्मक बनेको थियो । अन्त्यमा इरानले २५–२३ ले जित्यो । खेलको चौथो सेटमा नेपालले संयमित प्रदर्शन गर्‍यो । उक्त सेट नेपालले २५–१५ ले आफ्नो पक्षमा पार्दै खेललाई दुई/दुईको बराबरीमा ल्यायो ।

त्यसपछिको अन्तिम तथा निर्णायक पाँचौं सेटमा भने नेपाल पराजित भयो । इरानले पाँचौं सेट १५–१३ ले जित्यो । जीतसँगै इरानले चार खेलबाट सात अङ्क बनाएको छ भने नेपालको तीन खेलबाट छ अङ्क छ ।

नेपालले यस अघि नै सेमिफाइनलमा पुगिसकेको छ । नेपालसँगै सेमिफाइनलमा इरान, भारत र श्रीलङ्का पुगेका छन् । लिग चरणको अन्तिम खेलमा भोलि नेपालले माल्दिभ्ससँग खेल्नेछ । त्यस्तै, भोलि नै हुने अर्को खेलमा श्रीलङ्का र भारतबीच प्रतिस्पर्धा हुने जनाइएको छ ।

## पेरिस ओलम्पिक : शनिवारसम्मको खेलमा चीन शीर्ष स्थानमा

पेरिस, २० साउन/एएफपी

शनिवारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा चीनले १६ स्वर्ण, १२ रजत र नौ कांस्यसहित सबैभन्दा बढी ३७ पदकसहित अङ्कतालिकामा शीर्ष स्थानमा रहेको छ ।

दोस्रोमा संयुक्त राज्य अमेरिकाले १४ स्वर्ण, २४ रजत र २३ कांस्यसहित कुल ६१ पदक हात पारेको छ भने फ्रान्सले १२ स्वर्ण, १४ रजत र १५ कांस्य पदकसहित कुल ४१ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी, चौथो स्थानमा रहेको अस्ट्रेलियाले १२ स्वर्ण, आठ रजत र सात कांस्यसहित २७ पदक जितेको छ भने पाँचौं स्थानमा बेलायतले १० स्वर्ण, १० रजत र १३ कांस्यसहित कुल ३३ पदक जितेको छ ।

पदक तालिकामा छैटौं स्थानमा रहेको दक्षिण कोरियाले नौ स्वर्ण, सात रजत र पाँच कांस्यसहित कुल २२ पदक जितेको छ भने जापानले आठ स्वर्ण, पाँच रजत र नौ कांस्यसहित २२ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ ।

आठौं स्थानमा रहेको इटालीले छ स्वर्ण, आठ रजत र पाँच कांस्यसहित कुल १९ पदक जितेको छ भने नेदरल्यान्ड्सले छ स्वर्ण, चार रजत र चार कांस्यसहित कुल १४ पदक जित्दै नवौं स्थानमा रहेको छ । क्यानडाले चार स्वर्ण, चार रजत र सात कांस्यसहित कुल १५ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ । रासस

## त्रिवि क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको रङ्गशालामा रूपान्तरण गरिने

काठमाडौं, २० साउन/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको क्रिकेट रङ्गशालामा रूपान्तरण गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतवार क्यानका पदाधिकारी, पूर्वक्रिकेटर, कलाकार केकी अधिकारी र प्रकाश सपुतलगायत क्रिकेटप्रेमीसँगको संयुक्त भेटमा प्रधानमन्त्री ओलीले क्रिकेट, खेलाडी र यससँग सम्बन्धित पक्षको विकास र विस्तारका विषयमा छलफल गरेका हुन् ।

"क्रिकेट रङ्गशालाका विषयमा आज क्यानका पदाधिकारी, खेलाडी, खेलप्रेमी कलाकार र सचिवालयका साथीहरूबीच छलफल भयो । यससँगै रङ्गशाला निर्माणलाई द्रुत गतिमा अघि बढाउन सजिलो हुने विश्वास लिएका छौं," प्रधानमन्त्री ओलीले भने ।

मन्त्रिपरिषद्को पहिलो बैठकले त्रिवि मैदानलाई तीन सय दिनमा अन्तर्राष्ट्रियस्तरको सुविधासम्पन्न रङ्गशाला बनाउने निर्णय गरेको थियो ।


जनसङ्ख्यालाई शक्ति र साधनको रूपमा उपयोग गरौं

- जनसङ्ख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसङ्ख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड